सरकार समृद्धि र समाजिक न्यायमा प्रतिबद्ध छः उपप्रधानमन्त्री पौडेल पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने


मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २६ • अंक २४१ • २०८१ साल माघ १३ गते आइतबार (26 January, Sunday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-



## 'माननीयहरु भाषणवाजीमा मात्रै सीमित'



**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले मधेश प्रदेश माननीयहरु भषणवाजीमा मात्रै सीमित रहेको टिप्पणी गरेका छन् ।

जनकपुरधाममा शनिबार भएको एक कार्यक्रममा मुख्यमन्त्री सिंहले प्रदेशसभा सदस्यहरु शिक्षा र कृषिको विकासबारे अनावश्यक फलाक्ने गरेको बताए ।

मुख्यमन्त्री सिंहले भने, 'माननीयहरुले पनि प्रदेशसभा बैठकमा भाषण गर्दा शिक्षा र कृषिमा लगानी गर्नुपर्ने ठूला कुरा गर्छन्, 'उहाँहरुको सिफारिसमा प्रत्येक निर्वाचन क्षेत्रमा पाँच करोड बजेट पठाएको ९९ प्रतिशत योजना सडक ढलान, सामुदायिक दलान र मन्दिर बनाउनमै सिमित भएर आउँछ ।'

प्रधानाध्यापक संघले आयोजना गरेको 'शिक्षा संवाद' कार्यक्रममा बोल्दै मुख्यमन्त्री सिंहले सामुदायिक विद्यालय राम्रो गरिरहेको र अझ राम्रो गर्न विद्यालय व्यवस्थापन समिति खारेज गर्नुपर्ने बताए ।

दुई दशक अघिसम्म सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सन्तोषजनक रहे पनि एनजीओ र आइएनजीओले विकृति थुपारेको आरोप मुख्यमन्त्री सिंहले लगाए । '

मुख्यमन्त्री सिंहले अभिभावक तथा शिक्षकको हातमा सामुदायिक विद्यालयको भविष्य रहेको बताए । उनले शिक्षकले न्युन्तम जिम्मेवारीवहन गर्ने र अभिभावकले नियमित रुपमा बालबालिकालाई विद्यालय पठाउन तथा गृहकार्य गर्न सहजीकरण गरिदिए सामुदायिक विद्यालयको तुलना निजीले गर्न नसक्ने बताए ।

सो कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिका मेयर मनोजकुमार साहले विद्यालय व्यवस्थापन समिति खारेज गर्ने मुख्यमन्त्रीको प्रस्तावमाथि व्यंग्य गर्दै विद्यालय सरकारको हो भन्दै प्रश्न तेर्स्याए । सो क्रममा मेयर साहले थप्पडी बजाएर मुख्यमन्त्री सिंहको भाषणप्रति समर्थन जनाउने प्रधानाध्यापकहरुलाई हकारे । मेयर साहले भने, 'मुख्यमन्त्रीजीले विद्यालय व्यवस्थापन समिति खारेज गर्ने कुरा गर्नुभो तपाईहरुले ताली पिट्नुभो, के विद्यालय सरकारको हो र ?'

### उद्योगीहरुको मनोमानी

## सिमेन्टको मूल्यवृद्धिप्रति उपभोक्ताको गुनासो, सरकार मौन

**टुडे समाचारदाता**

जनकपुरधाम । सिमेन्ट उद्योगहरुले सिजनकै मौका छोपेर उपभोक्तालाई लुट्नुसम्म लुटेको छ । बजारमा सामान्य मूल्य बढाइएको गुनासो रहे पनि सिमेन्ट उद्योगहरुले लुट्न छाडेका छैनन् ।

अन्तरार्ष्ट्रिय बजारमा उतार चढाब आउनेगरी सिमेन्ट उत्पादनको लागि चाहिने कच्चा पदार्थ क्लिन्कर, कोइला र विद्युतको मूल्यमा कुनै परिवर्तन नआए पनि नेपाली बजारमा सिमेन्टको मूल्य चर्को रुपमा बढ्ने क्रम जारी रहेको छ ।

सिमेन्टको कच्चा पदार्थ कोइला र क्लिन्करको मूल्य घट्दा पनि नेपाली बजारमा सिजनमै प्रति बोरा एक सय ५० रुपैयाँले बढाइएको छ । होंग्सी सिमेन्टले पनि आफ्नो मूल्य वृद्धि गरेको छ ।

यही सिजनमै सिमेन्टमा कार्टेलिंग गरेर मनग्गे कमाउँदा सरोकारवालाले ध्यान नदिएको गुनासो उपभोक्ताहरुको रहेको छ ।

कोइला प्रति टन ३५००० रुपैयाँ र क्लिन्कर प्रति टन ४२ सय रुपैयाँ हुँदा नेपाली बजारमा सिमेन्टको मूल्य ३५० रुपैयाँदेखि ४०० रुपैयाँ थियो। र कोइलाको मूल्य घटेर प्रति टन १५ हजार रुपैयाँ र क्लिन्करको ६२ सय रुपैयाँ हुँदापनि सिमेन्टको मूल्य प्रति बोरा पिपिसी ६३० र ओपिसि ७८० रुपैयाँ कायम गरिएको छ । यसलाई सिमेन्ट उद्योगीहरुले उपभोक्तासंग ठगी धन्धा गरे पनि सरकारसमेत मौन रहेको भन्दै स्थानीय उपभोक्ता प्रमोद साहले आरोप लगाएका छन् ।

बजारमा प्रति बोरा ६२० रुपैयाँमा बेच्ने सिमेन्ट कम्पनीहरुले भारतीय बजारमा भने प्रति बोरा ३२० रुपैयाँमै निर्यात भइरहेको जनाइएको छ । एकै लागतको सामान नेपाली बजारमा ६२० रुपैयाँ र भारतीय बजारमा ३२० रुपैयाँ गर्नुले सिमेन्ट उद्योग मिलेर नेपाली उपभोक्तालाई लुट्नुसम्म लुटेको छ ।



विशेषगरि, आफै क्लिन्कर उत्पादन गर्ने र आफ्नै अर्को पनि सिमेन्ट उद्योग भएका सिमेन्ट कम्पनीहरुले एक आपसमा मिलेर अहिले सिमेन्टमा कार्टेलिंग गरेको बताइन्छ । बजारमा कृत्रिम अभाव सिर्जना गर्नलाई कुल उत्पादन क्षमताको ३०-४० प्रतिशत मात्रै उत्पादन गरेर यस प्रकारका सिमेन्ट उद्योगले कार्टेलिङ गरेको बताइएको छ ।

स्रोतका अनुसार विगतमा १००० बोराबाट हुने आम्दानी अहिले ४०० बोरा बेचेर कमाएका छन्, यसले एकातर्फ ६०० बोराको उत्पादन लागत सिधै बचेको छ भने अर्कोतर्फ बजारमा मूल्य वृद्धि र सिन्डिकेटलाई बढावा दिएको छ, यस्तै हो भने केहि व्यक्ति मिलेर हरेक क्षेत्रमा कार्टेलिंग हुने देखिएको छ ।

स्रोतले बताए अनुसार, "अहिले प्रत्येक सिमेन्ट उद्योगले न्युनतम पनि दैनिक डेढ करोड कमाएका छन्, २० वटा सिमेन्ट उद्योगले दिनमा ३० करोड कमाइ गर्दा महिना दिनमै ९० अर्ब कमाइ गरेका छन्, तीन महिना मात्रै कार्टेलिंग गर्न सफल भए भने २७० अर्ब कमाई गर्छन" स्रोतको दाबी छ, "कार्टेलिंगमा सघाउने सबै तह तप्कालाई यही पैसाको केही हिस्सा दिंदा पनि पुगेकोले अहिले सबै मौन छन् ।"

हुन त निर्माण व्यवसायीहरुको साझा संस्था 'नेपाल निर्माण व्यवसायी महासंघ' का अध्यक्ष रवि सिंहले पनि भारतीय बजारमा ३२० रुपैयाँमा बिक्री भइरहेकाले आफूहरुले त्यहींबाट सिमेन्ट आयात गर्न पाउनुपर्ने माग गर्दै कार्टेलिंग गर्ने उद्योगहरुलाई कारबाहीको लागि उजुरी बताउँदै आएका छन् ।

उपभोक्ता लुटिरहेका सिमेन्ट उद्योगीलाई उद्योगमन्त्री दामोदर भण्डारीको साथ रहेको भन्दै कारबाही नभएको दाबी नेपाल निर्माण व्यवसायी महासंघले जनाएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री भण्डारीले सिमेन्टको मूल्यवृद्धिबारे मन्त्रालय लामो समयदेखि जानकार रहेको र यस विषयमा सिमेन्ट उत्पादक, निर्माण व्यवसायी, उपभोक्ता अधिकारकर्मीसँग छलफल गरेको बताउदै निर्माण व्यवसायीले दाबी गरेझैं सिमेन्टमा मूल्य वृद्धि नभएको बताए । उनले घुमाउरो पाराले मूल्य वृद्धि भएको भने स्वीकारे ।

तर सिमेन्ट उत्पादक संघका प्रतिनिधिहरुले लोडसेडिङ बढेको, कोइला र चुनढुंगाको मूल्य बढेको, ढुवानी लागत बढेकोलगायत कारणले मूल्य बढेको बताएका छन् । सिमेन्ट उत्पादक संघका प्रतिनिधिहरुले पनि निर्माण व्यवसायीहरुले भनेजस्तै ७५ प्रतिशतले मूल्य वृद्धि नभएको बताए ।

निर्माण व्यवसायी महासंघका अध्यक्ष सिंहले सिमेन्ट उद्योगहरु एक आपसमा मिलेर सिमेन्टको मूल्य ७५ प्रतिशतसम्मले बढाएको प्रमाण नै पेश गरे । उनले लेखा समितिलाई आफुले नै सिमेन्ट प्रति बोरा ६३० रुपैयाँदेखि ८३८ रुपैयाँसम्म तिरेको प्रमाण देखाए पनि समितिले कुनै कारबाहीको आदेश दिन सकेन । गत कार्तिकसम्म प्रति बोरा साढे चार सयको हाराहारीमा रहेको समेत सिंहले बताए ।




सत्यमेव जयते

## शुभकामना संदेश



**श्री देवी सहाय मीना**
भारतको महावाणिज्य दूत, बीरगंज

भारतको ७६ औं गणतन्त्र दिवसको शुभ अवसरमा म, बिरगंज स्थित भारतको महावाणिज्य दूतावासको तर्फबाट नेपालमा रहेका भारतीय समुदाय र भारतका मित्रहरुलाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्दछु। विगत एक वर्षमा महावाणिज्य दूतावासले विभिन्न स्थानीय संस्थाहरुसँगको सहकार्यमा विभिन्न कार्यक्रमहरु आयोजना गर्दै आएको छ। नेपाल-भारत सांस्कृतिक उत्सव, नेपाल-भारत मैत्री क्रिकेट मैच, एक शाम लता मंगेशकर के नाम, ओडिसी एवं कत्थक नृत्य प्रदर्शन, जनजातीय सांस्कृतिक उत्सव, भारत नेपाल पर्यटन विकास सेमिनार, अंतर्राष्ट्रीय योग दिवस आदि जस्ता धेरै कार्यक्रमहरु आयोजना गरियो। महावाणिज्य दूतावासले अन्तर्राष्ट्रिय महिला दिवस, विश्व साइकल दिवस, विश्व वातावरण दिवस, विश्व रक्तदाता दिवस, आयुर्वेद दिवस, विश्व हिन्दी दिवस, आदि जस्ता महत्वपूर्ण अवसरहरु मनाउन उपयुक्त कार्यक्रमहरु पनि आयोजना गर्यो, जसमा राम्रो संख्यामा मानिसहरुको उपस्थिति थियो। भारतीय महावाणिज्य दूतावास यी कार्यक्रमहरुमा भाग लिने र सफल बनाउने सबैलाई धन्यवाद दिन चाहन्छ। वातावरण संरक्षण प्रति जनचेतना बढाउने उद्देश्यले महावाणिज्य दूतावास द्वारा विभिन्न स्थानीय संस्था, गैरसरकारी संस्था, विद्यालय आदिहरुसँगको सहकार्यमा धेरै वृक्षारोपण अभियानहरु आयोजना गरियो।

२. भारत सरकार नेपालका नागरिकहरुलाई शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकास, विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने, नदी तटबन्ध निर्माण, एकीकृत जाँच चौकी, रेलवे कनेक्टिभिटी जस्ता क्षेत्रमा सहयोग र सहायता प्रदान गर्न प्रतिबद्ध छ।

३. दुई देश बीचको द्विपक्षीय व्यापार विकास र सहजीकरण गर्न महावाणिज्य दूतावासले विभिन्न सरोकारवालाहरुसँग मिलेर काम गर्दछ। द्विपक्षीय सम्बन्धलाई अझ अगाडि बढाउन दुई देशबीच नियमित उच्चस्तरीय आदानप्रदान हुँदै आएको छ। यी बैठकहरुमा, दुवै पक्षले दुई देश बीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धलाई पुन: पुष्टि गरे, जसले ऐतिहासिक, सांस्कृतिक, सभ्यता र नागरिक बिचको सम्बन्धमा गहिरो रूपमा बसेको छ। हालैका वर्षहरुमा द्विपक्षीय सहयोगमा उल्लेखनीय प्रगति भएको छ, विशेष गरी कनेक्टिभिटीका विभिन्न क्षेत्रहरुमा - भौतिक, डिजिटल, ऊर्जा साथै नागरिकबीचको सम्बन्ध, जसमा सडक, पुल, एकीकृत जाँच चौकी, सीमापार रेलवे का साथै पेट्रोलियम पाइपलाइनसँग सम्बन्धित पूर्वाधार परियोजनाहरुको निरन्तर कार्यान्वयनमा प्रकट हुन्छ ।

४. जनवरी २०२४ मा, भारतका मा. विदेशमन्त्री डा. एस. जयशंकरज्युको नेपाल भ्रमणको क्रममा भारत र नेपालबीच दीर्घकालीन विद्युत व्यापारको सम्झौतामा हस्ताक्षर भएको थियो। समझदारीपत्र अन्तर्गत, १० वर्षको समयसीमा भित्र नेपालबाट भारतमा विद्युत निर्यातको मात्रा १०,००० मेगावाट पुर्याउने र यस उद्देश्यका लागि नेपालको जलविद्युत उत्पादन क्षेत्र र प्रसारण पूर्वाधारमा पारस्परिक रूपमा लाभदायक लगानी प्रोत्साहन गर्न आवश्यक सबै उपायहरु अपनाइनेछ भन्ने कुरा सहमति भएको छ ।

५. हालैका वर्षहरुमा, दुई देश बीच ऊर्जा सम्पर्क बढाउन महत्वपूर्ण कदमहरु चालिएका छन्, जसमा तीन नयाँ १३२ केभी सीमापार प्रसारण लाइनहरुको उद्घाटन, नवीकरणीय ऊर्जामा सहयोगको लागि ल्भ्ब र ल्त्एन्ः बीच समझदारी पत्रमा हस्ताक्षर, मोतिहारी-अमलेखगञ्ज पाइपलाइनको दोस्रो चरणको शिलान्यास आदि रहेका छन् । विगत दुई-तीन वर्षमा नेपालको भारतमा जलविद्युत निर्यात धेरै गुणा बढेको छ, जसले नेपालको लागि राजस्वको अतिरिक्त स्रोत सिर्जना गरेको छ। नेपालले अहिले भारतमा लगभग १००० मेगावाट बिजुली निर्यात गर्दछ। गत आर्थिक वर्ष २०२३-२४ मा नेपाल भारतमा बिजुलीको शुद्ध निर्यातकर्ता बनेको थियो र नेपालले भारतमा गरेको बिजुलीको निर्यात, आयात भन्दा लगभग १३४ मिलियन रुपैयाँ बढी थियो। नेपाल, भारत र बंगलादेशबीच हस्ताक्षर भएको त्रिपक्षीय विद्युत-व्यापार सम्झौता पनि १५ नोभेम्बर २०२४ मा लागू भयो, जसअन्तर्गत नेपालले पहिलो पटक भारतीय ग्रिड मार्फत बंगलादेशमा ४० मेगावाट बिजुली निर्यात गर्यो।

६. गहुँ निर्यातमा प्रतिबन्ध लागे पनि भारत हालै नेपाललाई २,००,००० टन गहुँ निर्यात गर्न सहमत भएको छ। गत मनसुनमा बाढी र पहिरोका कारण अवरुद्ध सडक सम्पर्क पुनर्स्थापित गर्न नेपालको पुनर्निर्माण प्रयासलाई सहयोग गर्न भारत सरकारले हालै नेपाल सरकारलाई ३८ करोड रुपैयाँभन्दा बढी मूल्यका दशवटा पूर्वनिर्मित स्टील पुलहरु प्रदान गरेको छ। यसका साथै, भारतले बाढी र पहिरोबाट प्रभावित परिवारहरूलाई २५ टनभन्दा बढी मानवीय सहायता पनि प्रदान गर्यो।

७. भारत र नेपाल बीचको सम्बन्ध संसारमै अद्वितीय छ। भारत र नेपालबीच सांस्कृतिक, धार्मिक र सामाजिक परम्पराहरु साझा छन्। प्राचीन कालदेखि नै दुई देशबीच गहिरो मैत्रीपूर्ण सम्बन्ध रहेको छ। हाम्रा साझा परम्पराहरूले दुई देशका जनतालाई बलियोसँग बाँधेका छन्।

८. भारत-नेपाल संयुक्त सैन्य अभ्यास, "सूर्य किरण"को १८ औं संस्करण हालै नेपालको सालझण्डीमा सम्पन्न भयो। यस अभ्यासको क्रममा, दुवै देशका सेनाले आतंकवाद विरोधी युद्ध अभ्यास प्रदर्शन गरे, र अन्तरसञ्चालनशीलता र पारस्परिक समझदारी बढाए।

९. महावाणिज्य दुतावासले नेपाल र भारतका सीमावर्ती जिल्लाहरु बीचको सामयिक चासोका मुद्दाहरुमा समन्वय समितिको बैठकहरु आयोजना गर्न सहयोग गर्नुका साथै सीमापार सवारी साधनहरुको सहज आवागमनको लागि निजी र मालवाहक सवारी साधनहरूलाई अनुमतिपत्र पनि जारी गर्दछ।

१०. भारत र नेपालबीचको व्यावसायिक र आर्थिक सम्बन्धलाई अझ सुदृढ बनाउन महावाणिज्य दूतावास प्रतिबद्ध छ। भारत नेपालको सबैभन्दा ठूलो व्यापारिक साझेदार हुनुका साथै पर्यटक र लगानीको सबैभन्दा ठूलो स्रोत पनि हो। भारतले आफ्नो "छिमेकी पहिलो" नीति अन्तर्गत नेपालसँगको सम्बन्धलाई उच्च महत्व प्रदान गर्दछ र विभिन्न पहलहरु मार्फत नेपाललाई सहयोग गरिरहनेछ। दुई देशबीचको सम्बन्धलाई अझ सुदृढ बनाउन दूतावास सधैं मिलेर काम गर्न तत्पर छ।

जय हिन्द !

बीरगंज (नेपाल)
२६ जनवरी, २०२५

# प्रधानमन्त्री मोदीद्वारा सिंह दम्पतीलाई स्वागत

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ दिल्लीमा एक ऐतिहासिक बैठकमा भारत अष्ट्रेलिया रणनीतिक गठबन्धनका अध्यक्ष डा जगविन्दर सिंह विर्क र उनकी पत्नी, अष्ट्रेलियाली लिबरल पार्टीका उम्मेदवार डा. रतन दीप कौर विर्कलाई स्वागत गरेका छन् ।

सिडनी मा ग्रीनवे सीट मूलतः बठिन्दा, पञ्जाबका, दम्पती भारत-अष्ट्रेलिया सम्बन्ध सुधार गर्न छलफल गर्न सिड्नीबाट भारत पुगेका हुन् ।



प्रधानमन्त्री मोदीले अष्ट्रेलियाका पूर्व प्रधानमन्त्री टोनी एबोटसँगको आफ्नो बलियो सम्बन्धको स्मरण गर्दै डा. रतन विर्कलाई अस्ट्रेलियाको संसदमा प्रतिनिधित्व गर्ने पहिलो भारतीय मूलकी महिला बन्नको लागि उनको ऐतिहासिक बोलीको लागि आशीर्वाद दिए । उनले विदेशमा भारतको हितमा गरेको महत्वपूर्ण योगदानको लागि डा जगविन्दर विर्कको पनि प्रशंसा गरे । दुई राष्ट्रहरू बीच पुल निर्माणमा भारतीय डायस्पोराको महत्वपूर्ण भूमिकालाई स्वीकार गर्दै, पीएम मोदीले आर्थिक, राजनीतिक र सांस्कृतिक सहयोगलाई बढावा दिन गठबन्धनको दशक लामो प्रयासहरूको प्रशंसा गरे । डा. विर्कले प्रधानमन्त्रीको उत्साहजनक समर्थन प्राप्त गर्दै व्यवसायिक अवसरहरू र रणनीतिक साझेदारीहरू सिर्जना गर्ने संगठनको लक्ष्यलाई प्रकाश पारे।प्रधानमन्त्रीले दम्पतीको समर्पणको प्रशंसा गर्दै उनीहरूको प्रयासमा सफलताको कामना समेत गरेका थिए । विदेशमा रहेका भारतीयहरूले विश्वव्यापी एकता र प्रगतिमा कसरी योगदान गर्छन् भन्ने प्रतीकको रूपमा उनीहरूको भूमिकालाई जोड दिएका थिए ।

# मधेशमा एमालेले अभियान सञ्चालन गर्दै

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमाले मधेश प्रदेश कमिटिले आइतबारदेखि वडा केन्द्रीत ३ महिने अभियान सुरु गर्दै छ ।

आइतबारदेखि शुरु हुने अभियानको उद्घाटन नेकपा एमालेकामहासचिवशंकरपोखरेलले बर्दिवासमा गर्ने छन् । वडामा खटिने उत्प्रेरकका लागि आइतबार बर्दिवासमा अभिमुखिकरण कार्यक्रम आयोजना गरिएको एमाले मधेश प्रदेश कमिटिका सचिब मनोज पौडेलले जानकारी दिए ।




सो कार्यक्रममा एमाले केन्द्रीय कमिटीका सम्पूर्ण सदस्य,केन्द्रीय निकायका सदस्यहरु,प्रदेश कमिटीका सम्पुर्ण सदस्य, पार्टी जिल्ला अध्यक्ष र सचिव, प्रतिनिधि सभा तथा प्रदेश सभाका सदस्यहरूको सहभागीता रहने उनले बताए । त्यस्तै प्रदेश लेखा समितिका पदाधिकारी तथा सदस्य, नगरपालिका तथा गाउँपालिकाका मेयर, उपमेयर र अध्यक्ष, उपाध्यक्ष, जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र जनसंगठनका प्रदेश इन्चार्ज र प्रदेश अध्यक्षको सहभागिता रहने सचिव पौडेलले बताए ।

# संघले शहिद झाको शालिकमा फुलमाला अपर्ण गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल प्रजातन्त्र सेनानी संघ धनुषाले धनुषाका शहिद दुर्गानन्द झाको शालिकमा फुलमाला अपर्णगरी शहिद सप्ताह मनाउने निर्णय गरेको छ ।



नेपाली कांग्रेसको वाड नं ७ को कार्यालयमा संघका मधेश प्रदेश अध्यक्ष रामभरत साहको विशिष्ट आतिथ्यतामा भएको बैठकबाट यस्तो निर्णय गरिएको हो । बैठकबाट संघको कार्यालय संचालनका लागि कांग्रेसका अग्रज नेता रामनारायण पाठकले कोठा उपलव्ध गराएकोमा उनलाई धन्यवाद ज्ञापन गरिएको थियो भने जिल्ला कार्यसमिति सदस्य ध्रुव प्रसाद साह प्रदेशको उपाध्यक्षमा निर्वाचित भएकोले रिक्त भएको पदमा रामनारयाण पाठकलाई सर्वसम्मतले पदपुर्ति गर्ने निर्णय गरेको छ । त्यसैगरि बैठकबाट आगामी फागुन ७ देखि १० गते सम्म हुने महाधिवेसनमा प्रतिनिधी पठाउने समेत निर्णय गरिएको जारी विज्ञप्ती माफर्त जनाइएको छ ।

संघका जिल्ला अधयक्ष प्रमोद श्रीवास्तवको अध्यक्षतामा भएको बैठकमा उपाध्यक्ष शम्भुनाथ झा,विजय कुमार साह,सचिव अरुण कुमार झा,विजय संकर साह,सहसचिव विष्णुदेव साह लगायत संघका सदस्यहरुको उपस्थिती रहेको थियो ।

# कांग्रेस एउटै आवाज र एकढिका भएर प्रस्तुत हुने

काठमाण्डु । नेपाली कांग्रेसका पदाधिकारी, पूर्वपदाधिकारी र संसदीय दल कार्यसमितिको आजको बैठकले संसद्को आउँदो अधिवेशनमा पार्टी एउटै आवाज र एकढिका भएर प्रस्तुत गर्ने निर्णय गरेको छ ।

सिंहदरबारस्थित पार्टी संसदीय दलको कार्यालयमा भएको बैठकमा सभापति शेरबहादुर देउवाले पार्टी पदाधिकारी र मन्त्रीलाई आगामी दिनमा संसद्भित्र होस् वा बाहिर एकढिका भएर प्रस्तुत हुन निर्देशन दिनुभएको संसदीय दलका प्रमुख सचेतक श्यामकुमार घिमिरेले जानकारी दिनुभयो ।

बैठकमा गृहमन्त्री रमेश लेखकले लामो समयदेखि मुलुकको आर्थिक अवस्था शिथिलतातर्फ उन्मुख भएकाले अर्थतन्त्र चलायमान बनाउनका लागि अध्यादेशमार्फत केही कानुन संशोधन गर्नुपरेको बताउनुभएको थियो । उहाँले वर्तमान सरकारका कामकारबाही र प्राथमिकताबारे पनि बैठकमा जानकारी गराउनुभएको थियो ।

गृहमन्त्री लेखकले संविधान संशोधनका दलका तर्फबाट गठित सदस्यबारे तत्कालै निर्णय गरेर अघि बढाइने जानकारी गराउँदै अध्यादेशमा कुनै संशोधन गर्नुपर्नेमा भएमा प्रतिस्थापन विधेयकका रुपमा सदनमा टेबुल हुने समयमा संशोधन गर्न सकिने स्पष्ट पार्नुभएको थियो ।

संविधान कार्यान्वयनका लागि अध्यादेशबाटै भए पनि कानुन संशोधन गर्नुपर्नेमा सरकारको ध्यानाकर्षण गर्न सुझाव दिए पनि पदाधिकारीले पार्टीका तर्फबाट वर्तमान सरकारमा सहभागी मन्त्रीहरुको कार्यसम्पादनप्रति कुनै टिप्पणी नभएको प्रमुख सचेतक घिमिरेले बताउनुभयो ।

त्यसअवसरमा प्रमुख सचेतक घिमिरेले संसद् आगामी अधिवेशनको तयारी, विधेयक सङ्ख्या, अवस्था र पारित गर्न सकिने विधेयकबारे जानकारी गराउनुभएको थियो । संसदीय दलको आइतबार र सोमबार बस्ने बैठकमा पार्टीका आन्तरिक जीवनमा देखिएका र सुधार गर्नुपर्ने विषवस्तु भए सघन रुपमा सांसदका बीचमा छलफल गरी निष्कर्षमा पुऱ्याउने विषयमा पनि सहमति जनाइएको थियो ।

प्रमुख सचेतक घिमिरेले भन्नुभयो, "विधेयकलाई संसद्मै पनि टेबल गर्न सकिन्थ्यो, त्यसो गर्दा लामो समय लाग्ने भएकाले तत्काल केही काम गरी लगानीको वातावरणका सृजनाका लागि अध्यादेश ल्याइएको र उक्त विषयमा पदाधिकारीका बीचमा समान बुझाइ र साझा धारणा रह्यो ।"

पार्टी प्रवक्ता डा प्रकाशशरण महतले मन्त्री र संविधान संशोधनका गठित संयन्त्रले बैठकमा अध्यादेश र समग्र सरकारका कामकारबाही र प्राथमिकताबारे जानकारी गराउनुभएको बताउनुभयो । उहाँले भन्नुभयो, "संसद्मा विचाराधीन विधेयकलाई आउँदो अधिवेशनमा तदारुकताका साथ पारित गरी सम्बन्धित समितिमा समयमै काम सम्पन्न गर्ने विषयमा पनि जानकारी दिइयो ।"

मन्त्रीहरुको 'ब्रिफ्रिङ'मा पदाधिकारीहरुबाट राय, सुझाव र सल्लाह दिने उद्देश्यले बैठक आयोजना गरिएको प्रवक्ता डा महतको भनाइ थियो । एक प्रश्नको जवाफमा संविधान संशोधनका विषयमा गम्भीर गृहकार्य थालनी गर्ने र त्यसमा विषयवस्तु के हुन सक्छ भनी दलभित्र पनि बेग्लै संयन्त्र पनि बन्ने सक्नेबारे गृहमन्त्री लेखकले बैठकमा जानकारी गराउनुभएको प्रवक्ता महतले बताउनुभयो ।

बैठकमा मन्त्रीहरुले आफ्नो सम्पूर्ण क्षमता, योग्यता र क्रियाशीलता लगाएर भइरहेको पहलबारे जानकारी तथा पदाधिकारीले सरकारमा सशक्त उपस्थितिबारे सुझाव र सल्लाह दिनुभएको बताउँदै प्रवक्ता डा महतले भन्नुभयो, "समग्रमा मन्त्रीहरुले राम्रै काम गरिरहनुभएको छ, तथापि हाम्रा आवश्यकता धेरै छन्, काम गर्नुपर्ने क्षेत्र ठूलो छ ।"रासस

# सिमरामा रामप्रसाद अधिकारीको नियात्रा कृति 'उड्दै गुड्दै र घस्रिदै' लोकार्पण



**रञ्जन यादव**

बारा । बुद्यौली साहित्य समाज र सिमरा साहित्य समाज बाराको संयुक्त आयोजनामा नियात्रा पुस्तक ' उड्दै गुड्दै र घस्रिदै' विशेष समारोहबीच लोकार्पण गरिएको छ। साहित्यकार तथा लेखक रामप्रसाद अधिकारीद्वारा लिखित यस पुस्तकलाई सिमराको लोटस एकेडेमीको कन्फ्रेन्स हलमा लोकार्पण गरिएको हो । कार्यक्रममा नियात्रा समाजका संस्थापक अध्यक्ष चन्द्रप्रसाद भट्टराई, मधेस प्रदेश बारा क्षेत्र नम्बर ४ (क )का सभासद देवनारायण चौधरी, जितपुर सिमरा उपमहानगरपालिकाका उपप्रमुख भोला प्रसाद अधिकारी, र साहित्यकार रमेशमोहन अधिकारीले संयुक्त रूपमा पुस्तक लोकार्पण गर्नुभयो।

**साहित्यिक योगदानको चर्चा**

कार्यक्रमका प्रमुख अतिथि नियात्रा समाजका संस्थापक चन्द्रप्रसाद भट्टराईले पुस्तक उत्कृष्ट रहेको बताउँदै लेखकहरूले समय दिएर मेहनतपूर्वक कृति प्रकाशन गर्नुपर्ने सुझाव दिनुभयो ।एक चोटि प्रकाशन भईसकेका कृतिहरु लेखकका काबु भन्दा बाहिर जान सक्ने भएकाले ,लेखकले चाहेर पनि संशोधन तथा थप गर्न नसक्ने भएका कारण लेखक यसतर्फ सचेत हुनुपर्ने धारणा राखे । लेखकको लेखलाई नै मध्यनजर गरी पाठकले लेखकप्रतीको आफनो धारणा बनाउँने भएका कारण लेखकले आफनो कृति प्रकाशन गर्नुभन्दा अगाडि दश पट्क सोच्नुपर्ने सल्लाह दिनुभयो । उपमहानगरपालिकाका उपप्रमुख भोला प्रसाद अधिकारीले साहित्यको विकासका लागि सहयोग गर्न नगरपालिकाले सधैं तत्पर रहने बताउनुभयो। त्यसकोलागि बजेट पनि बिनियोजन गरेका बताउँनुभयो ।प्रस्तावनासहित नगरपालिकामा आउँदा आफुले सक्दो सहयोग गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो । सभासद देवनारायण चौधरीले साहित्य समाजको दर्पण भएकाले यस्ता कृतिहरू प्रकाशन हुनु सकारात्मक भएको उल्लेख गर्नुभयो ।

**साहित्यिक वातावरणको सृजना**

साहित्यिक कार्यक्रममा विभिन्न कविहरूले आफ्ना कविता प्रस्तुत गर्नुभयो। कविता वाचन गर्नेहरूमा इसाहक हुसेन, जनार्दन खनाल, शिखा अधिकारी, रामप्रसाद आचार्य, चन्द्रप्रसाद सुवेदी, अप्सरा पुडासैनी, विनयराज गौतम, सीता शर्मा, रमनिशा बराल, अंशु अधिकारी, राजश्री बराल, सेविका मगर, प्रज्वल श्रेष्ठ, युमी आचार्य, र प्रितम बास्तोला लगायतका साहित्यकार सहभागी हुनुहुन्थ्यो।संगीतकार विकास पाण्डे र लोकसंस्कृति मञ्च बाराका अध्यक्ष देवेन्द्र कार्कीले सांगीतिक प्रस्तुति दिएर कार्यक्रमलाई थप रंगीन बनाउनुभएको थियो।

**संवोधन र सञ्चालन**

सिमरा साहित्य समाजका सचिव नारायण दत्त पौडेलले लोकार्पित कृतिबारे विस्तृत जानकारी गराउनुभयो। संस्थापक सचिव रामप्रसाद पोखरेलले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमको सञ्चालन कोषाध्यक्ष सीता अधिकारीले गर्नुभयो । कार्यक्रमको अध्यक्षता रामप्रसाद अधिकारीले गर्नुभएको थियो। 'उड्दै गुड्दै र घस्रिदै' पुस्तकले नेपाली साहित्यमा थप नयाँ योगदान दिने विश्वास लिइएको छ ।

# सिजन-सुदर्शन स्मृतिग्रन्थको लोकार्पण



**टुडे समाचारदाता**

वीरगञ्ज । पत्रकार सुदर्शनराज पाण्डे र उनको छोरा सिजनराज पाण्डेको स्मृतिमा प्रकाशित 'पिता र पुत्र' नामक सिजन-सुदर्शन स्मृतिग्रन्थको लोकार्पण गरिएको छ ।

वीरगञ्जमा शनिबार आयोजना गरिएको एक कार्यक्रममा नेपाल कम्नुनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द विप्लबले 'पिता र पुत्र' स्मृतिग्रन्थको लोकार्पण गरेका छन् ।नेकपाका महासचिव विप्लबले सुदर्शनराज पाण्डे र सिजन पाण्डेको सम्झानामा प्रकाशित स्मृतिग्रन्थ सिजन-सुदर्शन ग्रन्थको पुस्तक ' पिता र पुत्र' लोकार्पण गरेका छन् ।

नेपाल कम्युनिष्ट पार्टीका मधेश प्रदेश इन्चार्ज अनिल सीको अध्यक्षतामा भएको कार्यक्रममा मधेश विश्वविद्यालयका उपकूलपति प्रा. डा. दीपक शाक्य, नेपाल पत्रकार महासंघ लेखा समिति संयोजक केसी लामिछाने, मध्य नेपाल मिडिया प्रालिकी अध्यक्ष कविता खड्कालगायतले दिवंगत पत्रकार सुदर्शनराज पाण्डेको व्यक्तित्व र जीवनीको चर्चा गरेका थिए ।

त्यस्तै उनका छोरा सिजनराज पाण्डेको जनयुद्धकालमा सक्रियता र भूमिका तथा उनको हत्याको विषयमा पनि चर्चा गरिएको थियो । सो कार्यक्रममा विभिन्न संघसंस्थाका प्रतिनिधि, नेकपाका नेता एवं कार्यकर्ताहरुको सहभागिता रहेको थियो।

# सनातन धर्मको प्रचारका लागि प्रशिक्षण सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । सनातन धर्मको प्रचार प्रसार गर्ने उद्देश्यले श्री हरि सत्संग समिति नेपालको आयोजनामा जनकपुरधाममा ५ दिने प्रशिक्षण कार्यक्रम शुरु भएको छ ।



पछिल्लो समयमा गाउँघरमा विभिन्न प्रलोभन देखाएर धर्म परिवर्तन गराउने घट्ना बढ्दै गईरहेको समयमा यसलाई रोक्न प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको हो । सनातन धर्मको प्रचार प्रसार गर्ने उद्देश्यले समितिले ४५ जना शिष्य तथा शिष्याहरुलाई प्रशिक्षण दिन शुरु गरेको हो । भारतबाट आएका चार जना प्रख्यात गुरुहरुले शिष्य शिष्याहरुलाई सनातन धर्मको रक्षा र प्रचार प्रसार सम्बन्धी प्रशिक्षण दिने समितिका जनकपुर सम्भाग अध्यक्ष ललित बजाजले जानकारी दिए ।

प्रशिक्षण कार्यक्रमलाई उदघाटन गर्दै पूर्व मन्त्री जुली महतोले जनकपुरधाम धार्मिक तथा ऐतिहासिक दृष्टिले महत्वपूर्ण रहेकाले यो भूमिको विकास तथा प्रचार प्रसार आवश्यक रहेको बताइन् । उनले जनकपुरधाम हामीले भाग्यले पाएको भूमि रहेकाले यसको संरक्षण गर्ने दायित्व हामीहरुकै काँधमा रहेको बताइन् । पूर्वमन्त्री महतोले जनकपुरधामको ऐतिहासिकतालाई बुझेर नै नेपाल सरकारले नीति तथा कार्यक्रममा सीतारामको विवाहस्थल जनकपुरधामलाई वैवाहिक स्थलको रुपमा विकास गर्ने लक्ष्य लिएको जानकारी दिए ।

प्रदेशसभा सदस्य दीपेन्द्र ठाकुरले हिन्दु धर्मले सदभावको शिक्षा दिदै आएको बताए । उनले हिन्दु धर्मले सिकाउने यो सदभावको मार्ग सबैले अपनाएर अगाडी बढ्नु अहिलेको समयमा पनि उति नै आवश्यक रहेको बताए ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| वृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : धन वृद्धि सञ्चय । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सिरहाको लहानमा रहेको सहिदगेट। रङ्गरोगनको अभाव, जथाभावी टाँसिएको प्रचारप्रसार सामग्री र अव्यवस्थित इन्टरनेट तारले गेट कुरूप देखिन थालेको छ। *तस्बिर :रासस*

# नदीजन्य पदार्थको अवैध उत्खनन रोक्ने प्रयास जारी

जनकपुरधाम । धनुषाको कमला नदीबाट भइरहेको अवैध उत्खननलाई रोक्न जिल्ला प्रहरी कार्यालयले कडाइका साथ प्रहरी परिचालन गरिरहेको छ।

लामो समयदेखि नदीजन्य पदार्थको अवैध उत्खनन गरी ओसारपसार गर्न प्रयोग गर्दै आएका वैकल्पिक रूपमा प्रयोग गरिने बाटोलाई खनेर बन्द गर्ने, निगरानी गर्ने, उत्खननको काममा संलग्न ट्र्याक्टर तथा अन्य उपकरण नियन्त्रणमा लिनेलगायत काममा प्रहरीले सक्रियता बढाएको हो।

पछिल्लो समय प्रहरीको सक्रियता बढेसँगै अवैध गिटी, बालुवाको उत्खनन बन्द भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । अवैध उत्खननमा संलग्न ट्र्याक्टर तथा उपकरण नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाउने गरिएको इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक जटाशङ्कर यादवले जानकारी दिनुभयो । अवैध रूपमा नदीजन्य पदार्थको उत्खनन गर्नेलाई पटकपटक समातेर जरिवाना गरे पनि दोहन बन्द नभएपछि वैकल्पिक रूपमा प्रयोगमा आएका बाटोलाई खनेर बन्द गर्न थालेपछि उत्खनन रोकिएको उहाँले बताउनुभयो।

मिथिला नगरपालिका र गणेशमान चारनाथ नगरपालिका क्षेत्रभित्र पर्ने कमला नदीको अवैध उत्खनन रोक्न प्रहरी परिचालन गरी निगरानी बढाएपछि उत्खनन नियन्त्रणमा आएको गणेशमानका नगरप्रमुख जितनारायण यादवले बताउनुभयो । आन्तरिक समस्याले यस वर्ष ठेक्का नलागेकाले कमला नदीमा अवैध उत्खनन अत्यधिक भएकामा हाल नियन्त्रणमा आएको उहाँको भनाइ थियो।

नगरप्रमुख यादवले स्थानीय तहमा दर्ता नभएका, नवीकरण नगराएका तथा लामो समयदेखि राजस्व नबुझाएका क्रसर उद्योगसमेत बन्द गराइएको उल्लेख गर्नुभयो । उहाँका अनुसार अवैध उत्खनन रोक्न जिल्ला प्रशासन कार्यालयमा पनि माग गरिएको छ।

केही वर्षयता धनुषाको उत्तरी क्षेत्रमा पर्ने जलाद, औरही, बडाहरी, रातु र कमला नदीबाट हुने गरेको गिटी, बालुवाको दोहन रोकथाम गर्न स्थानीय तह र प्रहरी प्रशासनलाई समस्या भएकाले जिल्ला प्रशासन कार्यालयले सहजीकरण गर्नुपर्ने स्थानीयको माग छ। क्रसर उद्योगी तथा गाउँका केही व्यक्तिले रातिको समयमा टिपर तथा ट्र्याक्टरको प्रयोग गरी अवैध रूपमा बालुवा र गिटीको उत्खनन गर्दै आएका थिए। रासस

# देश बनाउने अभियानको अगुवाइ युवाहरुले गर्नुपर्छः महासचिव पोखरेल



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले नयाँ पुस्तालाई राजनीतिमा जोड्न नसक्ने राजनीतिक दलले देशका लागि काम गर्न नसक्ने धारणा व्यक्त गर्नुभएको छ । राष्ट्रिय युवा सङ्घ नेपालको आयोजनामा शनिबार आयोजित राष्ट्रिय कार्यकर्ता भेलामा उहाँले एमाले युवामा भरोसा गर्ने र युवालाई अवसर दिने पार्टी भएको उल्लेख गर्दै पोखरेलले देश बनाउने अभियानको अगुवाइ युवाहरुले गर्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, “नयाँ पुस्तालाई राजनीतिसँग जोड्न सकिँदैन भने त्यो राजनीतिक दलको भविष्य लामो हुन सक्दैन। युवाहरुलाई साथमा लिएर हिँड्न सक्नुपर्छ। अबको युग युवाको युग हो, युवाको साथमा एमाले छ।”

महासचिव पोखरेलले लोकतान्त्रिक शासन व्यवस्थामा जनताले पत्याएका दलले शासन गर्नुपर्ने र ती दलले शासन स्वभाविक भएको बताउनुभयो । उहाँले भन्नुभयो, “धेरैलाई दुई ठूला दल मिल्ने कुरा अप्राकृतिक भयो भन्ने लागिरहेको छ । जुन गलत हो, जनताले अस्वीकार गरेका दलहरू शीर्षस्थानमा रहने कुरा अप्राकृतिक हो।”

उहाँले कांग्रेस-एमाले सधैँभरिका लागि नमिलेका पनि उहाँले स्पष्ट पार्नुभयो। जनताका बीचमा जाने बेलामा नेकपा (एमाले) र नेपाली कांग्रेसले एकापसमा गठबन्धन नगर्ने समेत उल्लेख गर्नुभयो। देश बनाउनका लागि धैरै राजनीतिक दल होइन ठूला र बलिया राजनीतिक दल आवश्यक रहेको उहाँको भनाइ थियो । “ठूला र जनमतप्राप्त दलले मात्र मुलुकमा विकास र समृद्धिका लागि काम गर्न सक्छन्”, उहाँले भन्नुभयो, “देशलाई विकास र समृद्धिको बाटोमा लैजान जनमतप्राप्त राजनीतिक दल, स्पष्ट राजनीतिक दृष्टिकोण र दूरदर्शी नेतृत्व चाहिन्छ”, पोखरेलले बताउनुभयो।

एमाले पार्टीको नीति एमालेको मात्रै नभएको उल्लेख गर्दै उहाँले भन्नुभयो, “एमालेको नीति मुलुकको नीति बन्नुपर्छ। एमालेको ‘मिसन-८४’ एमालेको एकल बहुमतको सरकारका लागि हो।”

त्यसअवसरमा युवा सङ्घको पूर्वअध्यक्ष महेश बस्नेतले युवा सङ्घ बौद्धिक मात्र नभई प्रतिरोधी सङ्गठन रहेकाले राज्यलाई सचेत बनाउनमा पनि सक्रिय रहने बताउनुभयो। उहाँले भन्नुभयो, “सङ्घले उठाएका मुद्दाहरु राष्ट्रिय ‘एजेन्डा’ बन्छन्। सामाजिक न्यायमा योगदान दिन, सिर्जनशील र रचनात्मक बाटोमा सङ्घ लाग्नुपर्छ।” उहाँले आफूहरु सदैव स्वतन्त्र प्रेसको पक्षमा रहेको उल्लेख गर्दै सत्य सूचना जनतामा पुग्नुपर्ने र व्यक्तिको चरित्र हत्या हुने गरेर अप्रमाणित विषयवस्तुबारे मिडियालाई बोल्ने छुट नभएको बताउनुभयो।

युवा सङ्घका अध्यक्ष क्षितिज थेबेले युवाहरुलाई नीति निर्माणमा सहभागी गराउँदै रोजगारी सृजना, आत्मनिर्भर र उद्यमशीलताका योजनालाई अघि सार्न भेलाको आयोजना गरिएको बताउनुभयो।

सङ्गठनका इन्चार्ज राजीव पहाडी यो भेलाले नेपाली युवा आन्दोलनलाई सकारात्मक दिशामा अगाडि बढाउनका निम्ति मार्गदर्शन दिने बताउनुभयो। उहाँले भन्नुभयो, “युवा सङ्घले उठाउँदै आएका मुद्दा र आन्दोलनको विषय जायज छन् । सामाजिक सञ्जालमा गलत क्रियाकलाप र नकारात्मक कुराको भण्डाफोर गर्दै सकारात्मक सन्देश प्रवाह गर्न म युवाहरुलाई आग्रह गर्छु।”

त्यसअवसरमा विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका तीन जनालाई सम्मान पनि गरिएको थियो। जसमा क्रिकेटमा योगदान पुऱ्याउने पारस खड्का, पारा ओलम्पियन पलेशा गोवर्द्धन र सञ्चारक्षेत्रमा योगदान पुऱ्याउने असगर अलीलाई सम्मान गरिएको थियो।रासस

# शीतलहरबाट दलित मुसहर परिवार समस्यामा

बरहथवा । चिसो र शीतलहरको जोखिममा यहाँका विपन्न दलित मुसहर परिवार परेका छन् । अत्यधिक चिसोले मुसहर परिवार केही दिनयता समस्यामा परेका हुन।

बसवरिया गाउँपालिका-३ नाकैमा अन्तरगतको मुसहर माझी बस्ती छ । उक्त वस्तीमा झण्डै ४५ परिवार मुसहर जसोतसो खरको झुपडीमा जीवन धानिरहेका छन् । अन्य समयमा अवस्था सामान्य भएपनि बर्सातको डुबान र हिउँदको ठण्डीले उहाँहरूलाई निकै पिरोल्छ । यस बस्तीका बालबालिका र वृद्ध वृद्धा निकै सकसपूर्ण जीवन व्यतित गरिरहेका छन्।



सोही बस्तीमा १० दिनकी सुत्केरी जोनिता माझी अत्यन्त कष्टले दिन रात काटिरहनु भएको छ। चिसो दिन प्रतिदिन बढ्दै जाँदा नवजात शिशु र आफूलाई लगाउने न्यानो कपडासमेत नभएको उहाँले गुनासो गर्नुभयो। खरले छाएको मुस्किलले चार जना टुसुक्क बस्न मिल्ने ठाउँमा पराल ओच्छ्याएर उहाँले बिस्तरा बनाउनुभएको छ। त्यसैमा उहाँको १० दिनको शिशु पनि सुताउनुभएको छ।

दैनिक ज्याला मजदुरी गर्नु पर्ने परिवार चिसोका कारण बाहिर निस्कनसमेत नपाएका कारण दुई छाकको जोहोसमेत गर्न समस्या परेको उहाँकी सासु जितनी देवी माझीले बताउनुभयो। “भुइको चिसो पनि आउँछ।” सुत्केरी माझीले भन्नुभयो, “माथिबाट शीत चुहिरहन्छ। ओड्ने कुरा पनि राम्रो छैन्। बाँसको टाटीको प्वालबाट छिरेको चिसो स्याँठले मुटु छेडेर जान्छ।”

जोनिताजस्तै सोही बस्तीकी २१ वर्षीया पुनीता माझीले पनि गत कात्तिकमा तेस्रो सन्तानको रुपमा छोरीलाई जन्म दिनुभयो। सुरुमा चिसो कम हुँदा जसोतसो दिन रात कटाउनु भएकी उहाँलाई शीतलहर सुरु भएपछि भने समस्या भएको बताउनुभयो। चिसोले रातभरि शिशु रोएर नसुत्ने उहाँले दुखेसो पोख्नुभयो। चिसोका कारण आफू पनि निकै पटक बिरामी परिसकेको उहाँको भनाइ थियो।

पुनिताका श्रीमान् पन्निलाल माझी र ससुरा हरिन्द्र माझी पनि मजदुरीका लागि पन्जाव पुग्नुभएको छ । श्रीमान्ले कमाएर ल्याउलान र मिठो मसिनो खाने तथा बालबच्चा र आफूसमेतले न्यानो कपडा लगाउने आशमा रहेको पुनिताले बताउनुभयो । कमाइ जम्मा भएपछि पठाउँछु भनेर श्रीमानले भन्नुभएको उहाँले सुनाउनुभयो । सुत्ने ओछ्यान नजिकै बालेको घुर हेरेर रात कटाउने गरेको उहाँको दुखेसो छ।

बस्तीकै अर्को कुनामा रहेको सानो बासको टाँटी र खरको मुस्किलले भित्र छिर्न मिल्ने छाप्रोमा २० वर्षकी विना माझी महिना दिनको छोरा च्यापेर बसिरहनु भएको छ । “भुइमा राख्यो की चिसोले बच्चा रोही हाल्छ,” उहाँले भन्नुभयो, “छातीमा च्यापी राख्यो भने न्यानो हुन्छ क्यार रुदैन ।” मङ्सिर अन्तिममा जन्मिएको छोराले पेटभरि दूधसमेत खान नपाएको उहाँले गुनासो गर्नुभयो।

चिसो बढेकाले परिवारको अन्य सदस्य मजदुरीमा जान नसक्दा आफूसमेतले कयौँन रात भोकै बस्नुपरेको भन्दै शिशुलाई खुवाउन दूध नआएको उहाँले सुनाउनुभयो। बिनाका श्रीमान् पनि पन्जाबमा उखु काट्ने मजदुरको काम गरिरहनुभएको छ। सिजन सकिएपछि घर आउने उहाँको तयारी रहेको विनाले बताउनुभयो। तर, आफू र शिशुलाई चिसोले धेरै सताइरहेको उहाँ गुनासो गर्नुहुन्छ। यस बस्तीमा चिसो सुरु भएपछि बच्चा जन्माएका अन्य आमा र शिशुको अवस्था उस्तै छ। न्यानो कपडा त परको कुरा दैनिक छाकको जोहोसमेत गर्न सबैको मुस्किल छ। अधिकांश परिवारका पुरुष कृषि मजदुरी गर्न भारतको पन्जाब गएका छन् । उहाँहरु तीनदेखि चार महिनाको अन्तरमा केही कमाएर घर फर्कने गरेका बसवरिया गाउँपालिका-३, की वडासदस्य सिता देवी माझीले बताउनुभयो।

त्यति बेलासम्म परिवारले भोकै प्यासै बस्नुपर्ने वस्तीको बाध्यता रहेको उहाँले बताउनुहुन्छ । विपन्न परिवारका उनीहरूलाई सरसापटसमेत कसैले नपत्याउने भएकाले बनिबुतो यस बस्तीको एकमात्र जीवन धान्ने आधार रहेको वडासदस्य सिता देवीको भनाइ छ। वर्षामा पानीमा डुब्नु र हिउँदमा चिसोले कठ्याङ्गिनु यस बस्तीको नियमित नियति रहेको उहाँ सुनाउनुभयो।

बस्तीका अन्य परिवारले पनि दिन रात घुर तापेर चिसो छल्ने प्रयास गरिरहेको बताएका छन्। व्यवस्थित बस्ने बाससमेत नभएका आफूहरूको लागि जाडो काल बनेर आउने गरेको स्थानीय मनवा देवी माझीले दुखेसो पोख्नुभयो। गत वर्ष जाडोमा केही सामाजिक सङ्घ संस्थाले दिएका न्यानो कपडाको भरमा जाडो छलिरहेको उहाँको भनाइ थियो । “पहिला पाएको केही ओढ्नेले यस वर्ष पनि चिसो छेक्दै छु।” उहाँले भन्नुभयो, “यस पटक पाएको छैन्, चिसो धैरै भयो भने निन्द्रा लाग्दैन। रात भरी आगो तापेर जागै बस्छु।”

स्थानीय पालिकाले विपन्नलाई राहत दिँदा सम्पन्नले पनि माग्ने भन्दै नदिने गरेका लक्ष्मुनिया देवीको भनाइ छ। गाउँ पालिकामा माग्न जाँदा भएकाले पनि माग्छन् । तिमीलाई कसरी दिनु भनेर त्यसै फर्काउने गरेका उहाँको गुनासो छ । आफू सबै ठाउँबाट चपेटामा परेको भन्दै विपन्न मुसहर परिवारले कष्टपूर्ण तरिकाले चिसोको करहबाट बाच्ने उपाय गरिरहेको उहाँले बताउनुभयो।

यता गाउँपालिकाले विगतमा राहतको व्यवस्था गरेको भएपछि यस पटक केही ढिला भएको पालिका अध्यक्ष रामसिंहासन रायले जानकारी दिनुभयो । मुसहर परिवारको अवस्था दयनीय रहेको कुरा जानकारी नआएको भन्दै अध्यक्ष रायले त्यस्तो अवस्था भए बुझेर राहत प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। विपन्नका लागि ल्याएको योजनामा विपक्षी र सम्पन्नले काम नै गर्न नदिने गरेको उहाँको गुनासो थियो।

“यस गाउँका पाँच परिवारको घर गत चैतमा आगोले जलेर नष्ट भयो ।” उहाँले भन्नुभयो, “हामीले सिफारिस गरेर पठायौँ। पछि राजनीति गरेर अनेक गरेपछि उहाँहरूसमेतले जिल्ला विपद्मार्फत पाउने घर बनाउने पैसा पाउनुभएको छैन्। सुरुमा पालिकाले १०/१० हजार नगद र केही खाद्यानन्न दिएका थियो।” मधेशमा काम गर्न नदिने र गरेन भनेर बदनाम गर्ने प्रवृत्ति व्यापक बनेको उहाँले बताउनुभयो।

आगलागीबाट घरबार गुमाएका परिवार अहिले पनि चिसोमा आफन्तको कहाँ बसिरहनु भएको छ। आगोले उक्त वस्तीमा रहेको विन्देश्वर माझी, रामविश्वास माझी, दिनेश माझी, जोखु मुखिया र गुलरी देवीको घर जलेर पूर्णरुपमा नष्ट भएको थियो । भने, रासनारायण माझी, मिश्री माझी, हरिनु माझी, नरेश राय, राजकिशोर मुखिया र गोपी मुखियाको घरमा आंशिक क्षति पुगेको वडा सदस्य सितादेवी माझीले बताउनुभयो।रासस

# महाराष्ट्र रेल दुर्घटनामा निधन हुनेको पहिचान खुल्यो



काठमाण्डु। भारतको महाराष्ट्रमा भएको रेल दुर्घटनामा परी निधन भएका नेपालीको पहिचान खुलेको छ। परराष्ट्र मन्त्रालयले रेल दुर्घटनामा परी सात नेपालीसहित १२ जनाको निधन भएको जनाएको छ । दुर्घटनामा परी आफन्त गुमाएका शोकाकूल परिवारप्रति सरकारले गहिरो समवेदना प्रकट गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ।

मन्त्रालयका अनुसार निधन हुनेमा कैलालीका दुई जना छन् । त्यसमा कमला नवीन भण्डारी (वर्ष ४३), लछिराम पासी (वर्ष ४०) छन्। यस्तै अछामका चार जनाको निधन भएको छ। हिन्दुराम विश्वकर्मा(वर्ष ११, नन्दराम पद्य विश्वकर्मा (४४ वर्ष), मैसारा कामी विश्वकमा) (४२ वर्ष) र जोक्ला उर्फ कला कामी ( ६० वर्ष) छन्। त्यस्तै बाँकेका ३२ बर्षीय राधेश्याम राधको निधन भएको छ।


दुर्घटनामा घाइते भएका चार नेपालीमध्ये तीन जनाको स्थानीय अस्पताल र गम्भीर घाइते भएका एक जनाको गोदावरी अस्पताल जलगाउँमा उपचार भइरहेको छ। मृत्यु भएका नेपालीको शव ल्याउन तथा घाइतेको शीघ्र उपचारका लागि परराष्ट्र मन्त्रालयले नयाँ दिल्लीस्थित नेपाली दूतावास र काठमाडौँस्थित भारतीय दूतावासमार्फत भारत सरकारका सम्बन्धित निकायसँग समन्वय एवम् सहजीकरण गरिरहेको जनाइएको छ।

यही माघ नौ गते साँझ करिब पाँच बजेर पाँच मिनेटमा भारतको महाराष्ट्र राज्य, जलगाउँ जिल्लाको परधाडे स्टेशननजिकै रेल दुर्घटना भएको थियो।रासस

# शिक्षाको विकासमा तीनै तहका सरकारबीच समन्वय आवश्यकः मन्त्री भट्टराई

गोरखा । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले शिक्षा क्षेत्रको विकासका लागि तीनै तहका सरकारबीच समन्वय र सहकार्य आवश्यक रहेको बताउनुभएको छ।

प ‚ ` स चौतारीले शनिबार सदरमुकाममा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले संविधानले शिक्षा क्षेत्रको विकासका लागि तीनैवटै तहको सरकारले भूमिका खेल्नुपर्ने कुरालाई स्पस्ट व्याख्या गरेको उल्लेख गर्नुभयो।





सरकारले विसं २०८३ सम्म अनिवार्य निःशुल्क शिक्षाको अभ्यास गर्ने गरी कार्ययोजना बनाएर अघि बढेको उहाँले बताउनुभयो । “सबैले साथ दिने हो भने हामी त्यसलाई सम्पन्न गर्न सक्छौँ”, मन्त्री भट्टराईले भन्नुभयो, “अनिवार्य शिक्षा ऐनले स्पष्ट गरेको व्यवस्थालाई स्थानीय सरकारले पनि पूर्ण रुपमा पालना गरी कार्यान्वयन गरेर अघि बढ्नुपर्छ।”

गुणस्तरीय शिक्षाले मात्र समृद्धि राष्ट्र निर्माण गर्न सकिने भन्दै शिक्षालाई अब उद्यमशीलतासँग जोडेर लैजाउनुपर्ने मन्त्री भट्टराईले बताउनुभयो। शिक्षासँग जोडिएका नीति निर्माणमा शिक्षाकर्मीको भूमिका पनि उत्तिकै रहेको उल्लेख गर्दै उहाँले सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्नुपर्नेमा जोड दिनुभयो।

“हामीले प्राविधिक शिक्षा त भन्यौँ तर प्राविधिक शिक्षा कस्तो हुनुपर्छ, प्राविधिक शिक्षालाई प्रविधिमैत्री बनाउँदै उद्यमशीलतातर्फ जोड्न छलफल र बहस कम भएकै हो”, मन्त्री भट्टराईले भन्नुभयो, “खाली बजेट कति भन्नेमा मात्र केन्द्रित हुँदा पनि समस्या भयो।” उहाँले विद्यालय शिक्षा ऐन संसद्को शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा अहिले छलफलमा रहेको र थुप्रै विषय संशोधनको तयारी भइरहेको बताउनुभयो।

“शिक्षा विधेयक अहिले समितिमा लगभग संशोधन प्रस्तावकर्तासँगको छलफल सकेर तीन दिनसम्म दफावार छलफल गरी उहाँहरु प्रदेशमा जानुभएको छ”, मन्त्री भट्टराईले भन्नुभयो, “प्रदेशहरुमा पनि छलफल सकिएपछि समितिले थप दफावार छलफल गर्नेछ, यसबाट के बुझ्न सकिन्छ भने अब प्रक्रिया अगाडि बढ्यो अब कानुन बन्ने एउटा अवस्थामा पुगेका छौँ।” उहाँले शिक्षा विधेयकको छलफल आफूले मन्त्रालयको जिम्मेवारी सुरु गरेपछि मात्र सुरु गरेको दाबी गर्नुभयो।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

**सम्पादकीय**

# विश्वविद्यालय, प्रतिष्ठान र आयोग निरीह

प्रदेश सरकारको निहित दलीय स्वार्थ र प्रतिशोधमूलक रणनीतिको जालोमा विगतको सरकारद्वारा गठन , स्थापना गरिएको विश्वविद्यालय , आयोग , प्रतिष्ठान र समिति परेका छन् ।मूख्य रुपले दलीय निर्देशन ,द्वन्द्वको विषमता सिर्जना गरी निरीह बनाउने कुचेष्टा राजनीतिक चरित्र , विचार र नियतलाई छर्लंग पारेको छ । विश्वविद्यालयको बजेटमा कटौती , विश्वविद्यालयका पदाधिकारीहरुको अधिकार खोस्ने , मधेश प्रज्ञा प्रतिष्ठान , जनलोकपालको अस्तित्व स्वीकार नगर्ने जस्ता सरकारको गतिविधिले राजनीतिभन्दा पनि बालबालिकाले खेल्ने खिलौनारुपी सत्ता शासनलाई दर्शाएको छ। शिलान्यास गर्न दिएको प्रतिशोधमा कृषिविश्वविद्यालयप्रति बक्र दृष्टिकोण राखी शैक्षिक भविष्यलाई अन्योल पार्ने , प्रज्ञा प्रतिष्ठानको बजेट शून्य गरी पृथक संस्थान गठन गर्ने अवधारणा प्रस्तुत गर्ने र जनलोकपाल आयोगलाई निरीह बनाउने जस्ता गतिविधिले विगतमा गठन गरिएकालाई औचित्यहीन सिद्ध गर्ने नियत स्पष्ट हुन्छ । सरकारी संयन्त्र कुनै पनि राजनैतिक दलको राजनीतिक अखडा बन्नु हुँदैन। पदाधिकारीहरुलाई सरकारको नीति , कार्यक्रमलाई सफलीभूत पार्ने तर्फ निर्देशन , निगरानी नराखी संस्थालाई नै समाप्त पार्ने रणनीति , विचारलाई सही राजनीतिक मार्ग भन्न सकिदैन । पदाधिकारी गलत छन् भने दण्डित गर्ने सरकारको दायित्व हुन सक्छ तर संस्थालाई समाप्त पार्ने गतिविधि गलत परिपाटी हो , गलत राजनीतिक सस्कार हो । यसले संघीय भावलाई आघात पुऱ्याउने दुराशयजन्य वातावरण मात्र निर्माण गरी ।आत्मरतिको अवस्था मात्र हुन सक्छ। सरकारले नै यी सस्थाहरुको औचित्यमाथि प्रश्नचिन्ह खडा गरी उदासीन भएका कारण आयोग , प्रतिष्ठान आफ्नो औचित्य साबित गर्नमा असफलताको दोसाँधमा पुगेको छ ।प्रज्ञा प्रतिष्ठानका पदाधिकारी तत्कालीन सरकारभन्दा पनि राजनीतिक दलका अध्यक्षप्रति वफादारमूलक गतिविधि सञ्चालन गरेको आरोपमा सत्ता परिवर्तनसँगै संस्थालाई नै समाप्त पार्न सरकारी मनसायलाई स्वस्थ्य मान्न सकिदैन । सत्तासीन साझेदार घटकका मुख्यमन्त्रीदेखि मन्त्रीसम्मको सोचमा शैक्षिक , प्राज्ञिक संस्थामा दलीयताको भाव राख्नु संस्था नामका लागि मात्र स्थापना गर्नु सरह हुनु हो । हरेक निकायमा दलीय कोटामा पदाधिकारी नियुक्तलेपनि गलत परिपाटीलाई प्रश्रय दिने कामले पनि सरकारको धेय प्रदेशवासीको समृद्धि भन्दा दलीय कार्यकर्ता पोस्ने रणनीति परिलक्षित हुन्छ। आर्थिक सुशासन र पारदर्शीता कायम गर्ने उद्देश्य राखी अख्तियार दुरुपयोग आयोगकै प्रकृतिको प्रदेशमा लोकपाल गठनलाई तत्कालीनको सरकारद्वारा अन्य प्रदेशभन्दा अग्रगामी हुने कार्य गरेको दाबी गरिएको थियो। आर्थिक सुशासन र पारदर्शीताको कायम गर्ने नयाँ संयन्त्रका रुपमा अन्यत्र प्रचार प्रसार पनि गरिएको थियो। त्यस्तै प्रज्ञा प्रतिष्ठान गठन हुँदाको प्राज्ञिक क्षेत्रको आशा र उत्साह वर्तमानमा शिथिल छ । सबैमा पदाधिकारी आउने बाहेक अन्य कुनै पनि काम भइरहेको छैन।

# इजरायल र हमास लडाकुविच सम्झौताले शान्ति स्थापना हुने विश्वास



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

चार बर्षको अन्तरालपछि गत, सोमवार डोनाल्ड ट्रम्पको अमेरिकाको राष्ट्रपति भवनमा पुनःआगमण भयो। अर्कोतर्फ, जो वाइडेनको विदाई हुनुअगावै एकदिन पहिले इजरायल र प्यालेष्टिनको हमास लडाकुबीच युद्धविरामपछि पहिलो चरणमा युद्धबन्दीको सकुशल रिहाई भयो । विश्वकैं सञ्चारमाध्यममा यी दुई खवरले निक्कै चर्चा बुटुल्यो।

ट्रम्पले शपथग्रहण लगत्तै गरेका घोषणाबाट अमेरिकाको विदेश र आर्थिक नीतिमा परिवर्तनका साथै अवैध आप्रवासीको अमेरिका बसाइ कष्टकर हुने सम्भावना देखिएको छ। अर्कोतर्फ, इजरायल र हमास लडाकुबीच युद्धविरामको खवरले मध्यपूर्वको देशमा राहतको अनुभूति भएको छ । इजरायल र हमासबीचको युद्धले धेरै विनास गरेका छन् । पन्द्रह महिनाको लामो युद्धमा पचास हजारभन्दा बढी व्यक्तिको ज्यान गयो । १९ लाख प्यालेष्टिन नागरिकलाई शरणागत रुपमा छिमेकी मुलुकहरुमा शरण लिनु पऱ्यो । इजरायलद्वारा बम प्रहारको कारण प्यालेष्टिनको गाजा र वेष्ट बैङ्कको क्षेत्रका ९० प्रतिशत भवन भग्नावशेषको रुपमा परिणत भयो । बडो दुःखदायी अवस्था छ । प्यालेष्टिन नागरिकलाई पुनः व्यवस्थित हुनमा कमसेकम एक दसक लाग्नेछ। युद्धले महाविनास निम्त्याउने हेक्का नराख्दा ठूलो विपत्तिसँग लड्नु पर्छ। प्यालेष्टिनको गाजा र वेष्टबैङ्कको दूर्गति हेरेपछि कस्तो महाविनास भयो भनेर सहजै सम्झन सकिन्छ । अर्कोतर्फ, युक्रेन र रुसबीचको युद्ध झन विनासतर्फ उन्मुख भइरहेको अवस्था छ। अनाहकमा हजारौंको ज्यान गुमाउनुपर्छ । त्यो युद्धको पीडाबाट मुक्ति पाउनका लागि बर्षोबर्ष लाग्छ । हमासलाई आर्थिक एवम् सैन्य सहयोग इरानका साथै अन्य मुश्लिम राष्ट्रले गर्यो। तर, युद्ध हमासलाई नै लड्नु पऱ्यो। लेबनानको हिजबुल्लाह समूह र यमनको हूती विद्रोहीका लडाकुले इजरायलमाथि आक्रमण गरेपनि उल्टै, ति समूहकै धेरै जनधनको क्षति भयो।

हमासले माटोमुनि लामो र बलियो सुरुङ्ग बनाएर सुरक्षित भएको सम्झेर पूर्णतयारीका साथ इजरायलमाथि आक्रमण गरेको थियो । तर, इजरायलको जवाफी कारवाहीमा हमासको सुरुङ्गपनि तहसनहस भयो । २०२३ को ७ अक्टुबरको दिन हमासका लडाकु इजरायलको सीमामा प्रवेश गरी युद्धको शुभारम्भ गरेको थियो। उनीहरु इजरायलमा अन्धाधुन्ध गोली प्रहार गरी दस नेपाली विद्यार्थीसहित १५ सय जनाको ज्यान लिएको थिए। इजरायलको भूमिबाट विदेशीसहित २५१ जनालाई अपहरण गरी बन्धक बनाएर राखेको थियो। त्यो बन्धकको सूचीमा एक नेपाली विद्यार्थी विपीन जोशीपनि छन्। पहिलो चरणमा जोशी रिहा नभएपछि उनको आमावुवासहित सम्पूर्ण नेपाली नागरिक निराश छन्। अव, दोश्रो सूचीमा विपीनको रिहाइका लागि सरकारलाई ठोस पहल गर्नुपर्छ।

कतारको प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुल रहमान अलि थानीले मध्यस्थकर्ताको भूमिका निर्वाह गरी दुवै पक्षबीच तीन चरणको सम्झौता गराउन सफल रह्यो । युद्धविराम गराउनमा इजरायलको छिमेकी मुलुक मिश्रले पनि सकारात्मक भूमिका निर्वाह गरेको थियो । गत, आइतवार पहिलो चरणअन्तर्गत, इजरायलले अधिनस्थ वेष्ट ब्याङ्कस्थित एक कारागारबाट ९० जना प्यालेष्टिनीलाई मुक्त गरेको बदलामा हमासले एक विट्रिस र दुई इजरायली महिला गरी तीन महिलालाई रिहा गरेको हो। संयुक्तराष्ट्र सङ्घअनुसार, गत, आइतवार ६३० भन्दा बढी खाद्यान बोकेका ट्रकहरु गाजामा प्रवेश गरेका छन्। त्यसमध्ये, सवैभन्दा बढी प्रभावित उत्तरी गाजामा ३०० ट्रक पठाइएको छ। दैनिक रुपमा ६०० ट्रक खाद्यान बोकेका मालवाहक गाडी प्रवेशगर्ने सो सहमतिपत्रमा उल्लेख गरिएको छ। यसका साथै, ३० वटा ट्रकमा स्वास्थ्यसम्बन्धी सेवाहरु सञ्चालनका लागि र आवश्यक इन्धनपनि लगिएको छ । इजरायलले पहिलो चरणअन्तर्गत ६ सातामा १८९० प्यालेष्टिनीलाई मुक्त गर्नेछन्। हमासले एक बन्धक रिहा गर्छ भने इजरायलले ३० प्यालेष्टिनी बन्धकलाई छोडने सहमति भएको छ। हमासले बन्धक बनाएको २५१ जनामध्येबाट यसअघि पनि केही व्यक्ति मुक्त भएका छन्। अहिलेको उनको कब्जामा मात्र ९४ जनारहेको बताइएको छ। अर्कोतर्फ, इजरायलले मात्र ६० जना जिवित रहेको दावी गरेको छ। पहिलो चरणमा हमासले ३३ इजरायली बन्धकलाई छोड्ने छन्। त्यसमा महिला, महिला सैनिक, बालवालिका, बृद्ध र विरामी एवम् घाइतेलाई प्राथमिकतामा राखिएको चर्चा छ । इजरायली सरकारको प्रवक्ता डेविड मेन्सरले ति ३३ बन्दीमध्ये अधिकांस जिवित रहेको बताएका छन् । दोश्रोचरणअन्तर्गत, युद्ध स्थायी रुपमा अन्त्य हुने विश्वास गरिएको छ। सो चरणमा हमासको मातहतमा रहेका बन्दीका साथै एक हजारभन्दा बढी बन्दीलाई इजरायलले रिहा गर्नेछन्। त्यसपछि, गाजाबाट इजरायली सेनाको पूर्णरुपमा फिर्ता हुनेछ।



यसअघि, पनि युद्धविराम भएको थियो। विगतको अनुभवको आधारमा अलिकति पनि इजरायलले खतरा देख्यो भने युद्धविराम भङ्ग हुने सम्भावना छ । अहिलेपनि, इजरायलले गाजामा धरपकड जारी नै राखेका छन्। इजरायल र प्यालेष्टिनबीचको सङ्घर्षमा लाखौं मानिस मारिएको र लाखौ परिवार बेघर भएका छन्।

## युद्धको कारण

विश्वका विभिन्न मुलुकमा यहुदीहरु छरिएका थिए । उनीहरुले ईशापूर्व हजार बर्ष पहिलेदेखि भुमध्यसागर र जोर्डन नदीको बीचको भुभागमा आफ्ना पूर्वजको भूमि हो भनेर बीसौं शताब्दीमा चारैतिर मारमा पर्न थालेपछि सो भुभागमा आएर बस्न थाले। सो क्षेत्रमा मुशलमान, यहुदी र ईसाईको पवित्रस्थल येरुसलम पर्छ । सो क्षेत्र आँटोमन साम्राज्यको नियन्त्रणमा थियो । सन् १२९९ सालमा स्थापना भएका अटोमन साम्राज्यको अन्त्य ६२३ बर्षपछि सन् १९२३ मा भयो। प्रथम विश्वयुद्धमा अटोमन साम्राज्य पराजय भएपछि बेलायतको नियन्त्रणमा पुगेको थियो। बेलायतले सो साम्राज्यको अधिनस्थ राज्यहरुलाई स्वतन्त्र गऱ्यो । प्यालेष्टीनको सो क्षेत्रपनि एक किसिमले स्वतन्त्र भयो। सोही क्षेत्रमा यहूदीहरु शरणार्थीको रुपमा त्यहाँ आएर बसेका थिए। द्वितीय विश्वयुद्धमा हिटलरले जर्मनीमा यहूदीहरुको व्यापकस्तरमा नरसङ्घार गरेका थिए । त्यसपछि, यहुदी सुरक्षित वासको लागि प्यालेष्टिनको सो भूमितर्फ शरणागत रुपमा आउन थाले । हिटलरको क्रुरताको कारण यहूदीमाथि युरोपियन मुलुकको सकारात्मक सोचाई देखिन्थ्यो। यहूदीले छुट्टै देशको माग गर्न थालेपछि संयुक्त राष्ट्रसङ्घले विट्रेनको कब्जामा रहेको भुभागलाई प्यालेष्टाइन र यहुँदीको बीचमा बाड्ने निर्णय गऱ्यो।

१९४७ मा संयुक्तराष्ट्र सङ्घमा सो भूमिमा यहूदी र अरबंका लागि अलग- अलग देश निर्माणका लागि मतदान भयो।

त्यसपछि, सो विवादको समाधानका लागि संयुक्तराष्ट्र सङ्घले पहल गऱ्यो। संयुक्तराष्ट्र सङघले ४४ प्रतिशत इजरायल र ४८ प्रतिशत प्यालेष्टाइनको लागि र येरुशलमको पवित्रस्थलको ८ प्रतिशत क्षेत्र राष्ट्रसङ्घले आफ्नो नियन्त्रणमा राख्यो। उक्त, क्षेत्र यहूदी, मुश्लिम र ईसाईको धार्मिक आस्थासँग जोडिएको छ । तर, मुश्लिम पक्षले सो निर्णय नमानेपछि विवाद कायमैं रह्यो । त्यसपछि, सन् १९४८मा समस्या सुल्झाउनमा असफल भएको भनेर बेलायती शासक सो क्षेत्र छोडेर बेलायत फर्किए। अन्ततः यहूदीले आफ्नो भूभागमा १४ मई १९४८मा इजरायल नामक देशको स्थापना भएको घोषणा गऱ्यो। लगत्तै, छिमेकी मुलुक मिश्र, जोर्डन, सीरिया र इराकले एकैसाथ इजरायलमाथि आक्रमण गऱ्यो । यो पहिलो अरब-इजरायल युद्ध थियो । यसलाई यहूदीको स्वतन्त्रताको लडाइपनि भनिन्छ । सो युद्धमा इजरायलको जित भयो।

यहूदी धर्मालम्बीको इजरायल र सोको वरिपरी मुश्लिम राष्ट्र पर्छ। यो कुरा अरब मुलुकको लागि असहय भयो । अन्ततः इजरायलविरुद्ध पुनः युद्ध भयो। साढेसात लाख प्यालेष्टिनी भागेर अन्य छिमेकी मुलुकमा शरण लिएका थिए। सन् १९६७ मा पनि अरब-इजरायलबीच ६ दिनसम्म युद्ध चल्यो । अरब देशको सैनिक गठबन्धनमाथि इजरायलको जित भयो । सो युद्धमा पनि पाँच लाख प्यालेष्टीनीलाई विस्थापित हुनुपऱ्यो। त्यसपछि, सन् १९७३ मा पुनः अरब -इजरायल युद्ध भयो । ६ बर्षपछि मिश्र र इजरायलबीच शान्ति सम्झौता भयो । इजराइलसँग सम्झौता गर्ने अरबको पहिलो राष्ट्र मिश्र बन्यो । त्यसपछि, जोर्डनले पनि सम्झौता गऱ्यो।

यहूदीको विश्वास के छ भने इजरायलको स्थापना भएको भूमि ईश्वरले आफ्ना पूर्वजलाई प्रदान गरेका हुन् । ईश्वरले आफ्नो पहिलो पूर्वज अब्राहम र उनको सन्तानलाई सो भूमि प्रदानगर्ने बचन दिएको थियो । प्राचीनकालमा सो भुभागमा असीरियों (आजको इराक, ईरान, तुर्की र सीरियामा बस्ने कबिलाको मानिस),बेबीलोन, पर्सिया, मकदुनिया र रोमनहरुबीच आक्रमण भइरहन्थ्यो। रोमन साम्राज्यले सो भुभागलाई प्यालेष्टाइन नाम दिएको थियो। ईसाको सात दसकपछि यहूदीलाई सो क्षेत्रबाट धपाइएको विभिन्न इतिहासमा उल्लेख गरिएको छ। इस्लामको उदयपछि सातौं शताब्दीमा प्यालेष्टाइनको भूमि अरबको नियन्त्रणमा आएको थियो। त्यसपछि, सन् १५१६ मा सो टर्कीको अधिनमा पुग्यो।

प्यालेष्टाइनको सन्दर्भमा संयुक्तराष्ट्रको विशेष समितिले सन् १९४७ मा जनरल असेम्बली रिपोर्ट पेश गरेको थियो । अरब राष्ट्रमा वेस्टर्न गैली (समारिया र ज्यूडियाको पहाडी भूभाग) सामेल गरेको थियो । समितिले यरुशेलम र मिश्रको सीमासँग जोडिएको इस्दुदको तटीय मैदानलाई बाहिर राखिएको थियो । तर, सो क्षेत्रको विभाजनपछि १९४९मा तानिएको सीमा रेखा आर्मीस्टाइस रेखाको रुपमा परिभाषित गर्यो । फिलिस्तीनको दुई क्षेत्र वेस्ट बैङ्क (जसमा पूर्वी येरुशेलम सामेल छ ) र गजापट्टी । यो दुइटै क्षेत्र एक अर्काको ४५ किलोमिटरको दूरीमा पर्छ। वेस्टबैङकको क्षेत्रफल ५९७० वर्ग किलोमिटर र गजा ३६५ वर्गकिलोमिटरमा फैलिएको छ । गजापट्टीको आवादी २० लाख छ । वेस्ट बैङ्क येरुशलम र जाँर्डनको पूर्वी क्षेत्रमा पर्छ।

## प्यालेष्टाइन र इजराइलबीच विवादको मुख्य कारण

एक स्वतन्त्र प्यालेष्टाइन राष्ट्रको निर्माणमा ढिलाई, वेस्ट बैंकमा यहूदी वस्तीको निर्माण र प्यालेष्टाइन क्षेत्रको वरपर सुरक्षा घेराले शान्ति प्रक्रियामा बाधा पुऱ्याउँदै आएको छ । सन् २०००मा अमेरिकाको कैम्प डेविडमा तत्कालीन राष्ट्रपति बिल क्लिंटनको उपस्थितिमा दुवै पक्ष सुलह गराउन गम्भीर प्रयास भएको थियो । तर, नयाँ नयाँ कुरा थपिएपछि शान्ति प्रक्रियाले पूर्णता पाउन सकेन्। त्यो बेलामा इजराइलको प्रधानमन्त्री एहुद बराक र प्यालेष्टाइनी नेता यासिर अराफात थिए। येरूशलमको सीमाना, जमीन, यहूदी बस्ती र प्यालेष्टाइनी शरणार्थीको विषयमा सहमति जुट्न नसकेपछि पटक पटक युद्ध भएको हो । प्यालेष्टाइनले ४ जून १९६७ मा ६ दिनसम्म अरब इजरायलको युद्ध शुरु हुनुअगावै निर्धारित गरिएका सीमानालाई मान्यता दिनुपर्ने, अर्थात इजरायलले कब्जा गरेको भूमि छोड्नुपर्ने उनको माग रह्दै आएको छ । इजरायलले कब्जा गरेको भूमिमा पाँच लाख यहूदीलाई बसाइएको छ। अन्तर्राष्ट्रिय कानुनअनुसार त्यो बस्ती अवैध हो। यदि, इजरायल र प्लोष्टिनको हमासबीच पुनः युद्ध भड्कियो भने मध्यपूर्वका देशमा अशान्तको वातावरण बर्षोसम्म कायमरहने खतरा देखिन्छ। 'इतिश्री'

# गजेन्द्रबाबु पश्चात्‌को मधेश राजनीति



श्रीमन नारायण

नेपाल सदभावना पार्टीका संस्थापक अध्यक्ष, एवमं मधेशी नेता को निधन भएको २३ वर्ष बितिसकेको छ । उनको निधन पश्चातका दुई दशकमा देशको राष्ट्रिय राजनीतिमा धेरै आरोह-अवरोध तथा घटनाहरु भए। जननिर्वाचित संविधानसभा मार्फत देशको संविधानको निर्माण भएको छ। देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ। देशमा राजनीतिक स्थायित्व कायम भई स्थायी शान्तिको अनुभुति जनताले गरिरहेका छन् । जननिर्वाचित प्रतिनिधीहरु संघीय सरकार तथा प्रादेशिक सरकारको नेतृत्व गरिरहेका छन् । मधेशवादीदलहरु संघिय सरकारमा सहभागी छन् भने प्रदेश नं. २ को सरकारको नेतृत्व पनि गरिरहेका छन् तर गजेन्द्र नारायण सिंह जुन मूल्य, मान्यता एवं सिद्धान्तमा आधारित राजनीति गरिरहेका थिए त्यसको अब पटाक्षेप भईसकेको छ। स्वंय उनकै अनुयायीहरु पनि परिवारवाद , जातिवादको राजनीतिलाई महत्व दिएका छन् तथा मधेशको मुद्यालाई कमाई खाने भाडो ठानेका छन्। केही वर्ष अघि मधेश प्रदेशको संसदले दुई तिहाई बहुमत बाट मधेश प्रदेशको घोषणा गऱ्यो तर गजेन्द्रबाबु बाचेका भए यस्तो नामकरण अवश्य पनि हुने थिएन्।

वि.स. २०४७ सालमा नेपाल सदभावना पार्टीको स्थापना गरी उनले अघि सारेका कतिपय मागहरुको सम्बोधन भईसकेको छ भने कतिपय मागहरु प्रति स्वयं उनकै सहयोगी मधेसी नेताहरु नै गम्भीर छैनन्। गजेन्द्र नारायण सिंह मधेशवादी नेता थिए तर देश एवं लोकतन्त्र उनको निम्ति सर्वोपरि थियो । इमान्दारी ,नैतिकता, सदाचार , अनुशासन एवं दलित प्रेम उनको राजनीतिको प्रमुख अस्त्र हने गर्दथ्यो। जातिवाद, परिवारवाद र भ्रष्टाचारका उनी घोर विरोधी थिए। मधेसी समस्याको समाधानको निम्ति उनले शान्तिपुर्ण संघर्षको बाटोलाई रोजेका थिए । नेपालको भुगोल भित्र तथा देशको संविधान अन्तर्गत मधेसी समस्याको समाधान होस भन्ने उनको चाहना थियो । उनले देशमा व्याप्त आर्थिक, सामाजिक एवं राजनीतिक असमानताको अन्तय भएको हेर्न चाहन्थे। वर्तमान अवस्थामा उनीद्धारा स्थापित नेपाल सदभावना पार्टी समाप्त भएका पनि करिब पाँच वर्ष बितिसक्यो। उनले अघि सारेका ू जय मातृभुमी १ू को राजनीतिक अभिवादन लाई पनि तिलान्जिल दिने काम भईसकेको छ । गजेन्द्र नारायण सिंहको नाम अब केही व्यक्तिको निम्ति कमाई खाने भाँडो मात्रै सावित भईरहेको छ । उनीद्वारा स्थापित राजनीतिक पार्टीलाई समाप्त गर्नेहरु अब उनको नाममा प्रतिष्ठान तथा ट्रस्ट खोली रहेका छन् र त्यस प्रतिष्ठानको आवरणमा पैसा कमाउने काम भईरहेको छ। एउटा राजनीतिक व्यक्ति आफ्नो विचारबाट जिन्दा रहन्छन तिनको नाममा खोलिएका अस्पताल तथा विद्यालयबाट होइनन्। महात्मा गान्धी, मार्क्स, लेनीन, स्व. बी.पी कोईराला र मदन भण्डारीहरु आफ्नो विचारका कारण आदर्श पुरुष मानिन्छन् । अस्पताल तथा विद्यालय बाट होइन।

गजेन्द्र नारायण सिंहको राजनीतिक यात्रा राणा विरोधी आन्दोलनमा सक्रिय सहभागिताबाट शुरु भएको थियो। नेपाली काँगेसमा आबद्ध रहेर उनले राजनीतिक यात्राको थालनी गरे। वि.स. २०१५ सालको आमनिर्वाचनमा उनी नेपाली काँगेस सप्तरीका जिल्ला अध्यक्ष थिए। वि.स. २०१७ सालको घटना पश्चात निर्वाचनमा उनी भारत गए। प्रजातन्त्रवादी भएकै कारण उनलाई पटक-पटक जेलमा राख्ने काम भएको थियो । उनी जेलमा छदा नै उनको आमाको निधन भएको थियो । प्रहरीले हात्तमा हत्तकडी लगाएर नै उनलाई आमाको दाह संस्कारमा सहभागी गराएको थियो। सोही दिन पुलिसले पुनः उनलाई हिरासतमा लिने काम गऱ्यो। उनी हिरासतमै हुँदा उनको एकमात्र छोराको निधन भएको थियो । त्यसपछि बाचुन्जेलसम्म उनी सन्तानबिहीन भएर बाँचे । वि.स. २०३२ सालतिर नेपाली काँग्रसका केही शीर्ष नेताहरु सित मतभेद हुदा उनले भद्रकाली मिश्रसित मिलेर पुर्वान्चल काँग्रेसको स्थापना गरे । वि.स. २०३६ सालमा बहुदलीय संसदीय व्यवस्थाको पक्षमा उनी खुलेर लागे तर त्यस निर्वाचनमा निर्दलीय व्यवस्थाको जीत भएको थियो।

वि.स. २०४० सालमा तत्कालिन पन्चायती शासकले देशमा बढ्दो जनसंख्याको बारेमा कारण पत्ता लगाउन जनसंख्याविद डा. हर्क बहादुर गुरुङ्गको संयोजकत्वमा एउटा आयोगको गठन गरेको थियो । त्यस आयोगको प्रतिवेदनको विरोधमा गजेन्द्र नारायण सिंहले रामजनम तिवारीसित मिलेर राजदरबारमा ज्ञापन दिएका थिए। तराई-मधेसका जिल्ला सदरमुकामहरुमा यसको विरोध पनि भएको थियो। अन्ततः त्यो प्रतिवेदन कार्यान्वयन भएन । त्यतिबेला नै उनले नेपाल सदभावना परिषदको गठन गरेका थिए । जसको उद्देश्य तराई-मधेसको भाषा संस्कृतिको विकास गर्नु थियो। वि.स. २०४३ सालको आम निर्वाचनमा उनी सप्तरीबाट राष्ट्रिय पंचायतको सदस्यको रुपमा निर्वाचित भए। राष्ट्रिय पंचायतका सदस्य भएका नाताले उनी राजाको प्रशंसा त गर्दथे तर आफ्नो प्रत्येक सम्बोधनमा उनले देशमा कायम आर्थिक, सामाजिक एवं राजनितिक भेदभावको विरोध गर्दै



त्यसको अन्तय हुनुपर्ने माग पनि गर्दथे।

वि.सं. २०४६ सालको अन्त्यमा पंचायति विरोधी आन्दोलनमा नेपाल सदभावना परिषदका नेता एवं कार्यकर्ताहरुको सहभागिता पनि रहेको थियो । जनआन्दोलनको सफलता पश्चात २०४७ साल बैशाखको पहिलो सातामा नेपाल सदभावना पार्टीको स्थापना भएको थियो। गजेन्द्रमान सिंह वि.सं. २०४७ सालको जनकपुर, २०५० सालको बीरगन्ज तथा वि.सं. २०५४ सालको विराटनगर महाधिवेशनबाट पार्टीको अध्यक्ष पदमा निर्विरोध निर्वाचित भएका थिए। गजेन्द्र नारायण सिंहले नेपाल सदभावना पार्टीको स्थापना गर्दा अघि सारेका महत्वपूर्ण मागहरुमध्ये नागरिकता समस्याको समाधान भईसकेको छ भने देशमा मधेसी, दलित, खसआर्य, महिला एवं जनजातिहरुको निम्ति आरक्षण (समानुपातिक समावेशिता) लागु भईसकेको छ । सामाजिक, आर्थिक एवं सामुदायिक एकरुपताको आधारमा उनी नेपालमा पूर्वी पहाड, पूर्वी तराई, काठमाण्डौं उपत्यका, पश्चिमी पहाड एवं पश्चिमी तराई गरी ५ प्रदेशको वकालत गरेका थिए तर त्यो सम्भव भएन । अब ८ जिल्लाको मधेश प्रदेश घोषित गरिएको छ। देश संघीय संरचनामा जानु पनि गजेन्द्रनारायण सिंहको सपना साकार हुनु हो । जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको गठन सम्बन्धि उनको महत्वपूर्ण मागको पनि सम्बोधन करिब करिब भई नै सकेको छ। नेपाली सेनामा मधेसी युवाहरुको प्रवेशप्रति सरकारले लचिलो नीति अपनाएको छ । गएको तीन दशकमा कतिपय मधेसी युवाहरु सेनामा सहभागी पनि भएका छन्। प्रहरीको तुलनामा सेनामा प्रवेशको बाटो त्यति सहज र सरल हुदैन किनभने त्यहाँ कठीन शारिरीक अभ्यास एवं प्रशिक्षणहरु गर्नुपर्ने हुन्छ शायद त्यही भएर होला पढेलेखेका मधेसी युवाहरु अध्यापन , प्रशासन एवं प्राविधिक पदको जागिरमा बढी ध्यान केन्द्रित गर्ने गर्दछन।

संघीय लोकतान्त्रिक शासन प्रणालीलाई विश्वमा अहिले सम्मकै सर्वाधिक उत्तम शासन प्रणाली मानिएको छ किनभने जननिर्वाचित प्रतिनिधीहरुको नेतृत्वमा सरकारको गठन भएको हुन्छ। जननिर्वाचित प्रतिनिधीहरु देशको संसद प्रति जिम्मेवार हुन्छन् । गजेन्द्रनारायण सिंहले उठाएका केही प्रमुख मुद्दाहरु मध्ये मधेसी भूमीहिनलाई पनि बसोबासको निम्ति अन्य सुकुम्वासीहरुले पाउने गरेका सुविधा प्रदान गरिनु, हिन्दीलाई नेपालको दोश्रो राष्ट्रभाषाको दर्जा तथा मातृभाषामा प्राथमिक शिक्षाको प्रावधान जस्ता विषयहरु अहिले त्यती बढी प्राथमिकतामा रहेको देखिदैन।

गजेन्द्रनारायण सिंह शान्तिपूर्ण एवं अहिंसक राजनितीको माध्यमबाट समस्याको समाधान चाहन्थे । उनी बाचुन्जेल सम्म तराई मधेशमा न त कुनै सशस्त्र समूह अस्तित्वमा आएको थियो न त कसैले राष्ट्रविखन्डनको कुरा नै गरेको थियो । उनी बाचुञ्जेल सम्म उनको पार्टीले बन्द, हडताल तथा हिंसक प्रदर्शन जस्ता विरोधका कार्यक्रमहरु गरेन । वि.सं. २०५० सालमा गजेन्द्रनारायण सिंहले आफ्नै नेतृत्वमा ९ दिन सम्म राजधानी काठमाण्डौंमा अनशनमा बसेका थिए जबकी वि.सं. २०५५ सालमा पनि पार्टीका नेताहरु १० दिनसम्म आमरण अनशनमा बसेका थिए। नेपालमा अनशनको राजनीतिलाई बढी चर्चामा ल्याउने काम गजेन्द्रनारायण सिंहले नै गरेका थिए । यो बेग्लै कुरा हो कि डा. गोविन्द के.सि.को अनशनको तुलनामा देशका राजनीतिक दलहरुको अनशन कमजोर नै सावित भएको छ।

गजेन्द्र नारायण सिंह, जातिवाद, परिवारवाद एवं भ्रष्टाचारको घोर विरोधी थिए । नेपाल-भारत मित्रताका उनी पक्षधर थिए । देशमा लोकतन्त्र, संघियता तथा सामाजिक न्यायको स्थापनाका लागि उनले गरेका योगदान सदैव अविश्मरणीय रहनेछ । उनी बाचुञ्जेलसम्म नेपालको राजनीतिमा मधेशबाद शब्दको प्रयोग भएको थिएन । वर्तमान अवस्थामा गजेन्द्रनारायण सिंहको नाम , उनीद्वारा स्थापित पार्टी तथा उनको योगदानलाई समाप्त गर्ने अभियान नै चलेको छ तर देश एवं समाजको हितलाई सर्वोपरि ठान्नेहरुको योगदानलाई इतिहासले विर्सन सक्दैन।

# भाषा, संस्कृतिको संरक्षणमा प्रदेश सरकारले जोड दिएको छः मुख्यमन्त्री लामा




पाटन । बागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुरसिंह लामाले भाषा, संस्कृतिको संरक्षणमा प्रदेश सरकारले जोड दिएको बताउनुभएको छ ।

नेपालभाषा मंकाः खलः यलद्वारा शनिबार यहाँ आयोजित वार्षिक साधारणसभा एवं सत्यमोहन जोशी नेपालभाषा साहित्य पुरस्कार वितरण समारोहमा मुख्यमन्त्री लामाले भाषा र संस्कृति समाजको पुँजी भएकाले यसको संरक्षणलाई प्रदेश सरकारले प्राथमिकता दिएको बताउनुभयो ।

"नेपालको मातृभाषा, संस्कृति संरक्षणका लागि संविधानले धेरै विषय सुनिश्चितता गरेको छ, जातजाति र जनजातिका लागि अवसर सृजना गरेको छ", उहाँले भन्नुभयो, "बागमती प्रदेशले पनि भाषा ऐन निर्माण गरी जनजातिको पक्षमा काम गरिरहेको छ ।" उहाँले कानुन निर्माण भए पनि नेपाल भाषा र तामाङ भाषालाई सरकारी कामकाजको भाषाका रुपमा कार्यान्वयनमा क्रममा जटिलता सृजना भए पनि शुक्रबार मात्रै मन्त्रिपरिषद्को बैठकले सहजीकरण गर्न व्यवस्था गरेको उल्लेख गर्नुभयो ।

मुख्यमन्त्री लामाले सत्यमोहन जोशी नेपाल भाषा साहित्य पुरस्कार भाषा र संस्कृति जोगाउने काम गर्नेका लागि सम्मान भएको बताउनुभयो । "नेपालभाषा र तामाङ भाषालाई सरकारी कामकाजको भाषाका रुपमा कार्यान्वयनका लागि जोड दिइनेछ, मातृभाषाको अस्पस्टताका कारणले गर्दा विगतमा धेरैका नामहरु बिग्रिएको अवस्था थियो, अब त्यो समस्या समाधान हुन्छ, सरकारी कामकाजमा निर्धक्कका साथ नेपाल भाषा र तामाङ भाषालाई प्रयोग गर्न सकिन्छ, भाषा सिकाउन आवश्यक बजेट विनियोजन गरिएको छ," उहाँले भन्नुभयो । त्यसअवसरमा भाषासाहित्यको क्षेत्रमा निरन्तर योगदान गर्दै आउनुभएका भाषासेवी तिलकप्रसाद कायस्थलाई रु ५१ हजारसहित सत्यमोहन जोशी नेपालभाषा साहित्य पुरस्कार प्रदान गरिएको थियो ।

त्यसअवसरमा बागमती प्रदेशसभा सदस्य रामकृष्ण चित्रकारले नेपालको भाषा आन्दोलनमा मंकाः खलःको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो । उहाँले भाषिक आन्दोलनले भाषा, संस्कृतिको संरक्षणका लागि मात्रै नभई राजनीतिक परिवर्तनका लागिसमेत सहयोग पुऱ्याएको बताउनुभयो ।

चित्रकारले सत्यमोहन जोशी, पद्मरत्न तुलाधरलगायतको योगदानले नेपालको भाषिक आन्दोलनमा महत्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गर्दै भाषिक आन्दोलन पहिचानको आन्दोलन हो भन्नुभयो । उहाँले भाषा नरहे जाति रहँदैन भन्दै नेपाल भाषा मंकाः खलःलाई बागमती प्रदेश सरकारका लागि नेपालभाषाको स्रोत केन्द्रका रुपमा सहयोग पुऱ्याउन सक्नेगरी नेपाल भाषा मंकाः खलःलाई विकास गरिनुपर्छ भन्नुभयो ।रासस

# दीर्घकालीन रणनीति सुधार्दै पर्यटन मन्त्रालय




काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको जिम्मेवारी पाउनुभएका बद्रीप्रसाद पाण्डे दीर्घकालीन महत्त्व राख्ने रणनीतिक सुधारमा केन्द्रित हुनुभएको छ । नीतिगत सुधार, संरचनागत परिवर्तन र आधुनिक प्रविधिमैत्री सेवालाई चुस्त र प्रभावकारी बनाउन उहाँ लागिपर्नुभएको हो ।

उहाँको नेतृत्वमा परिणाममुखी र दीर्घकालीनरूपमा प्रभावकारी हुने कामहरू अघि बढाइएका छन् । संस्कृतिको संरक्षण प्रवर्द्धन, समग्र पर्यटन क्षेत्रको दिगो विकास तथा नागरिक उड्डयन क्षेत्रको उन्नयनमा मन्त्रालयले कामहरू अगाडि बढाएको छ ।

यस अवधिमा गौतमबुद्ध तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल व्यावसायिक उडान सुचारू भएको छ । ठूलो धनराशि खर्चेर निर्माण गरिएका दुवै विमानस्थलका लागि व्यावसायिक उड्डयन कार्य योजना पारित गरी कार्यान्वयनमा ल्याइएको हो ।

सरकारले भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा उडान भर्न चहाने विमान कम्पनीलाई विभिन्न कर छुटलगायतका सुविधा उपलब्ध गराउने कार्ययोजना स्वीकृत भएपछि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अलजजिरा एयर, फ्लाइ दुबई र थाई एयर एसियाले उडान सुरू गरी सकेका छन् । कम भिजिविलिटी भएका बेला उडान भर्न समस्या भएको भन्दै केही विदेशी हवाइ कम्पनीले बीचमा उडान तालिका कटौती गरेको भए पनि अहिले पुनः थप गरिरहेका छन् ।

परम्परागत रूपमा रहेको इन्स्टुमेण्ट ल्याण्डिङ सिस्टम (आइएलएस) को विकल्पमा भूउपग्रहमा आधारित रिक्वायर्ड नेभिगेसन पर्फर्मेन्स-अथोराइजेसन रिक्वायर्ड (आरएनपी-एआर) प्रणाली जडान भइ सञ्चालनमा ल्याइएको छ । भारतले आफ्नो आकाशमा पहुँच पुग्ने भन्दै आइएलएस सञ्चालनका लागि अनुमति नदिएपछि नयाँ विकल्प अगाडि सारिएको हो । आरएनपी-एआर भूउपग्रहमा आधारित अवतरण प्रणाली हो भने आइएलएस उपकरणमा आधारित अवतरण प्रविधि हो । आरएनपी-एआर नेभिगेसन प्रणालीले जहाजलाई चुनौतीपूर्ण भूभाग र खराब मौसममा सुरक्षित अवतरणका लागि मद्दत गर्छ ।

**प्राधिकरण विभाजन विधेयक तयार**

नेपालमा लामो समयदेखि चर्चामा रहेको नागरिक उड्डयन प्राधिकरणलाई नियामक र सेवाप्रदायक निकायका रूपमा एउटै निकाय राख्न नहुने यसबाट स्वार्थ बाझियो भन्ने गुनासो सम्बोधन गर्न प्रक्रिया अगाडि बढाइएको छ । कानुनी सुधारबाट युरोपेली युनियनले नेपाली वायुसेवा कम्पनीमाथि लगाएको प्रतिबन्ध फुकुवा हुन सहयोग पुग्ने विश्वास लिइएको छ ।

नीतिगत सुधार, संरचनागत परिवर्तन र आधुनिक प्रविधिमैत्री सेवालाई चुस्त र प्रभावकारी बनाउन मन्त्रीको नेतृत्वमा मन्त्रालयले अहोरात्र पहल गरिरहेको छ । पर्यटनमन्त्री पाण्डेले ऐनको नयाँ मस्यौदा बनाउँदा समय लाग्ने भएकाले पुरानो ऐनको मस्यौदालाई नै खोजेर त्यसलाई परिमार्जनसहित मन्त्रिपरिषद्मा पेस गरिएको र सुधार गर्नुपर्ने विषय संसद्बाट संशोधन गरेर सुधार गरिने बताउनुभयो । उहाँले मन्त्रालयको काम बारबाहीलाई चुस्त र प्रभावकारी बनाउन तत निकायका नीतिगत सुधार र संरचनागत परिवर्तनलाई महत्त्वकासाथ अगाडि बढाइएको विश्वास व्यक्त गर्नुभयो ।

मन्त्रालय र अन्तर्गतका निकायहरूको सङ्गठन तथा व्यवस्थापन तथा पुनरावलोकन सर्भेक्षण (ओ एण्ड एम) पुनरावलोकन काम सम्पन भएको मन्त्रालयले जनाएको छ ।

**नीतिगत सुधारको थालनी**

पर्यटन विधेयक सङ्घीय संसद्मा दर्ता भएको छ भने क्यासिनो नियमावली, २०७० संशोधनका लागि मन्त्रिपरिषद्मा पेस गरिएको छ । पर्वतारोहणसम्बन्धी नियमावली, २०५९ संशोधन गरिएको छ । पर्यटन नीति, २०८१ मस्यौदा तर्जुमा गरी सहमतिको लागि अर्थ मन्त्रालयमा पठाइएको छ । संस्कृति नीति, २०८१ तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रिपरिषद् समक्ष पेस गरिएको छ भने सङ्घीय भाषा विधेयक र सङ्ग्रहालय विधेयक तर्जुमा कार्य अघि बढाइएको छ ।

**भ्रमण दशक कार्यान्वयन**

मन्त्रालयको महत्वपूर्ण काममध्ये पर्यटन दशक (२०२५-२०३५) कार्ययोजना निर्माण गरी स्वीकृतिको क्रममा रहेको छ । भ्रमण दशक कार्यान्वयन गरेर वार्षिक ३५ लाख पर्यटक भित्र्याउने लक्ष्य लिइएको छ । नेपालमा सन् २०१९ मा १२ लाख हाराहारी विदेशी पर्यटक आएका थिए । सन् २०२४ मा ११ लाख बढी पर्यटक नेपाल आएका थिए

अन्तर सरकारी विषयगत समितिका दुई वटा बैठक पोखरा र ठाकुरद्वारामा सम्पन्न गरिएको छ । पर्यटन विभागबाट प्रबाह हुने सेवालाई अनलाइनबाट प्रवाह हुने व्यवस्था मिलाईएको मन्त्री पाण्डेले बताउनुभयो । उहाँले अन्य राष्ट्रिय नीतिहरूसँग तादात्म्यता कायम भई पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । तीनवटै तहहरूबीच समन्वय र सहकार्यको संस्कृति विकास हुने मन्त्री पाण्डेको भनाइ छ ।

**पर्यटन पूर्वाधार निर्माणमा तीव्रता**

सुदूरपश्चिम प्रदेशको खप्तड र कर्णाली प्रदेशको रारामा पर्यटक प्रहरीको एकाइ विस्तार गरिएको छ । प्रत्येक प्रदेशमा एउटा हिल स्टेशन निर्माण गर्ने उद्देश्यले चारवटा प्रदेशका एक एक स्थान छनौट गरी विस्तृत परियोजना निर्माण कार्य सुरू गरिएको मन्त्रालयको प्रगति विवरणमा उल्लेख छ ।

मन्त्रालयको अग्रसरता र समन्वयमा प्रदेश सरकार र एसियाली विकास बैंकबीच सम्झौता भई खप्तडबाट बढीमालिका सम्मको पदमार्ग निर्माण प्रक्रिया अगाडि बढेको छ । उक्त पदमार्ग रारासम्म विस्तारित हुनेगरी कार्य भइरहेको छ । थप ५७ हिमाल आरोहणको लागि खुला गरिएको छ ।

मन्त्रालयअन्तर्गतका सबै निकायहरूसँग सम्बन्धित व्यवसायको दर्तादेखि व्यवसाय सञ्चालन प्रक्रियाहरूलाई सहजीकरण गर्दै झन्झटमुक्त बनाउन डिजिटाइजेशन सहित एकद्वार प्रणाली अवलम्बन गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।

**द्विपक्षीय हवाई सेवा सम्झौता**

नेपाल र फ्रान्सबीच सम्पन्न भएको द्विपक्षीय हवाई सेवा सम्झौता र समझदारी पत्र संशोधन गर्ने कार्य अगाडि बढाइएको छ । नेपाल र इण्डोनेसियाबीच द्विपक्षीय हवाई सेवा संझौता गर्ने प्रक्रिया अघि बढाइएको छ । राजविराज विमानस्थलमा रात्रीकालीन अवतरण क्षमतायुक्त बनाइ सञ्चालनमा ल्याइएको छ । यो सँगै १० वटा विमानस्थल रात्रीकालीन उडान सञ्चालन योग्य रहेको छ ।

**त्रिअविमा ट्क्सी वे निर्माण**

त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको क्षमता वृद्धि गर्न समानान्तर ट्याक्सी वे विस्तारसम्बन्धी परियोजनाको तोकिएकै समयमा सम्पन्न गर्नेगरी कार्यप्रगति भइरहेको छ । हालसम्म करिब ४५ प्रतिशत काम सम्पन्न भएको विमानस्थल कार्यालयले जनाएको छ ।

विमानस्थलको हवाई यातायात क्षमता अभिवृद्धि गर्न गुरू योजना बमोजिम विभिन्न चरणमा निर्माण कार्य भइरहेको छ । गत कात्तिक २३ गतेदेखि दैनिक १० घण्टा विमानस्थल बन्द गरेर हाल समानान्तर ट्याक्सी वे बिस्तार कार्य भइरहेकोमा थप दुई घण्टा उडान समय थपिदैंछ ।

**अन्तरप्रदेश हवाई अवद्धता**

समग्र नागरिक उड्डयन क्षेत्रको सुधारका लागि अध्ययन गर्न एक उच्चस्तरीय समिति गठन भई कार्य अघि बढाइएको मन्त्रालयले जनाएको छ । वायुयान उडान प्रशिक्षण संस्था फाइङ स्कुल सञ्चालन गर्नका लागि इजाजत माग गरी सोको सम्बन्धमा मन्त्रालयले अध्ययन थालेको छ ।

युरोपियन युनियनको सुरक्षा चासोको पूचीबाट निस्किन महत्त्वपूर्ण दुर्घटना जाँचसम्बन्धी स्थायी संरचना निर्माण गर्नेगरी ऐनको मस्यौदा तर्जुमाको कार्यअघि बढाइएको छ । नेपाल सरकारको निर्णयअनुसार नागरिक उड्डयन क्षेत्रको सुधारसम्बन्धी उच्चस्तरीय अध्ययन तथा सुधार समिति गठन भई कार्य प्रारम्भ भएको छ ।

**संस्कृतिक सम्पदा संरक्षण**

कपिलवस्तुस्थित तिलौराकोटलाई विश्वसम्पदा सूचीमा समावेश गर्न पुरातात्विकस्थल पहिचान भएको क्षेत्रको थप जमिन अधिग्रहण, युनेस्को इसिमोडको मिसनद्वारा स्थलगत अवलोकन लगायतका कार्यहरू गरिएका छन् ।

भूकम्पबाट क्षति भई बन्द अवस्थामा रहेको राष्ट्रिय सङ्ग्रहालय परिसरको ऐतिहासिक भवनको जीर्णोद्धार कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइएको छ । लुम्बिनी विश्वसम्पदा स्थलको संरक्षण एवं व्यवस्थापनका लागि कार्ययोजना, २०८१ निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । नेपालबाट पहिलो पटक अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी आवधिक प्रतिवेदन तयार गरिएको छ । लुम्बिनी विकास कोषमा वर्षौंदेखि प्रयोगविहिन अवस्थामा रहेका विद्युतीय बसलाई सञ्चालनमा ल्याइएको छ ।

**मन्त्रालय मातहतको छपाइ प्रज्ञा प्रतिष्ठानबाट**

पर्यटन मन्त्रालय तथा सम्बद्ध निकायहरूको सम्पूर्ण छपाईसम्बन्धी कार्यहरू प्रज्ञा प्रतिष्ठानको अत्यधुनिक प्रेसबाट मात्र गर्ने निर्णय भएको छ । कपिलवस्तु, रूपन्देही, कास्की, बाग्लुङ हुँदै मुक्तिनाथसम्म जोड्ने गरी स्वामीनारायण इन्लाइटमेन्ट सर्किटको नक्शाङ्कनको कार्य अगाडि बढाइएको छ । यसबाट विश्वमा करिब रू पाँच करोडभन्दा बढी अनुयायी भएका स्वामीनारायण सम्प्रदाय र धार्मिक सम्पदा नेपालसँग जोडिई धार्मिक पर्यटन उल्लेख्य योगदान पुग्ने अनुमान छ । मन्त्रालयले थालनी गरेका सुधारका कामले आगामी दिनमा दिगो विकास र आर्थिक समृद्धिमा टेवा पुग्ने विश्वास लिइएको छ ।रासस

# 'प्रभावकारी सेवा प्रवाह गर्न प्रदेश सरकारले जनशक्ति व्यवस्थापन गरिरहेको छ'



अर्घाखाँची । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सार्वजनिक निकायमा चुस्त, प्रभावकारी र गुणस्तरीय सेवा प्रवाह गर्न प्रदेश सरकार जनशक्ति व्यवस्थापनमा सक्रिय भएर अघि बढेको बताउनुभएको छ ।

नेपाल निजामती कर्मचारी सङ्गठन जिल्ला कार्यसमितिले सन्धिखर्क नगरपालिका-६ नरपानीमा सहिद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति पार्कसहित निर्माण गरेको शालिकको शनिबार अनावरण गर्दै उहाँले परिवर्तन र समानताका लागि सहिदद्वारा गरिएका बलिदानीले मुलुकलाई नयाँ गन्तव्यमा लागेको धारणा राख्नुभयो । मुलुकको विकास र समृद्धिका लागि सहिदले देखेका सपना पूरा गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ थियो ।

मुख्यमन्त्रीले भन्नुभयो, "सहिद पार्क निर्माण गरेर उहाँहरूको योगदानलाई स्मरणीय र पुस्तान्तरण गर्न सहयोग पुगेको छ ।" मुलुक परिवर्तनमा पुऱ्याएको योगदानको समाज र राष्ट्रले सधैँ सम्झिरहने भन्दै सहिदहरूप्रति सम्मान र देशभक्तिको भावना जागृत गराउन सरकारले युवावर्ग केन्द्रित कार्यक्रम सञ्चालन गरिरहेको उहाँले बताउनुभयो ।

पार्कसहित शालिक निर्माणले सहिदका योगदानलाई जीवन्त राख्न र नयाँ पुस्तालाई प्रेरणा दिन सकिने मुख्यमन्त्री आचार्यले विचार राख्नुभयो । सार्वजनिक निकायलाई नागरिक केन्द्रित बनाउन जनशक्ति आवश्यक पर्ने भन्दै उहाँले प्रदेश सरकार आवश्यकता अनुसार जनशक्ति व्यवस्थापन गरी प्रभावकारी सेवा प्रवाह गर्न प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो ।

प्रदेश निजामती सेवा ऐन र स्थानीय निजामती सेवा ऐनले कर्मचारी व्यवस्थापन, परिचालन र वृत्तिविकासमा योगदान पुगेको मुख्यमन्त्री आचार्यले बताउनुभयो । प्रदेशमा चार हजार ७८ कर्मचारीको दरबन्दी रहेकोमध्ये एक हजार नौ सय कर्मचारी पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगले काम अघि बढाएकाले यथाशीघ्र जनशक्तिको अभावको समस्या अन्त्य हुने धारणा राख्नुभयो ।

"पदपूर्ति र बढुवाको काम अघि बढेको छ । जनशक्तिको समस्या समाधान गर्न सरकार सफल हुँदैछ", उहाँले भन्नुभयो, "उपसचिवभन्दा तलका सबै पदमा दरबन्दी पूरा गरेर सेवा प्रवाहलाई गति बढाउँछौँ ।" मुख्यमन्त्री आचार्यले चालु आर्थिक वर्षमा प्रदेशबाट विनियोजन भएका बजेट तथा कार्यक्रमको कार्यान्वयन र अवस्थाको अनुगमन गर्न स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई आग्रह गर्नुभयो ।

जिल्लास्थित निजामती कर्मचारी सङ्गठनका अध्यक्ष गणेशप्रसाद अधिकारीको अध्यक्षता र मुख्यमन्त्री आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा निजामती कर्मचारीका साथै विभिन्न राजनीतिक दलका प्रतिनिधि, सामाजिक अभियानकर्मी, जनप्रतिनिधिलगायत स्थानीयको उपस्थिति थियो ।रासस

# विकास-निर्माणका काममा सरकार क्रियाशील छः सञ्चारमन्त्री गुरुङ

लमजुङ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जनतालाई अनुभूत हुनेगरी विकास-निर्माणका काममा सरकार क्रियाशील रहेको बताउनुभएको छ । दोर्दी गाउँपालिका-६ कीर्तिपुरबेंसीस्थित भगवान् आधारभूत विद्यालयको शनिबार यहाँ आयोजित स्वर्णजयन्ती



समारोहमा देशलाई विकासको पथमा अग्रसर गराउन सरकार लागिपरेको उहाँले बताउनुभयो ।


देश विकासका लागि दुई ठूला दलको सरकार बनेकाले आगामी तीन वर्षसम्म वर्तमान सरकार नै कायम रहने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "वर्तमान सरकारले अर्थतन्त्रको विस्तार, सुशासन कायम, सहकारी व्यवस्थापन, स्वास्थ्य, शिक्षा क्षेत्रको उन्नयनलाई केन्द्रमा राखेर काम गरिरहेको छ ।"

सिंहदरबारको अधिकार गाउँगाउँमा पुऱ्याउने भनिए पनि गाउँका जनताले त्यो अधिकार उपभोग गर्न नपाएका र उनीहरूले महसुस गर्नेगरी सरकार काममा लागेको बताउनुभयो ।

अर्थतन्त्र सुदृढ पार्न, लगानी भित्र्याउनेलगायत सदन अधिवेशन नभएको अवस्थामा देशलाई आवश्यक पर्ने ऐनकानुन अध्यादेशमार्फत जारी गरिएको उहाँले स्पष्ट गर्नुभयो । संसद्मा धेरै विधेयक विचाराधीन रहेको अवस्थामा अत्यावश्यक ती ऐन संसद्बाट तत्काल पारित नहुने भएकाले अध्यादेशको बाटो अगाल्नुको विकल्प नरहेको उहाँको कथन थियो ।

सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्री गुरुङले फरक प्रसङ्गमा कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले नचाहेसम्म वर्तमान सरकार तलमाथि नहुने बताउनुभयो ।रासस

# सरकार समृद्धि र समाजिक न्यायमा प्रतिबद्ध छः उपप्रधानमन्त्री पौडेल



विराटनगर । उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकार मुलुकको समृद्धि र सामाजिक न्याय हासिलका लागि प्रतिबद्ध रहेको बताउनुभएको छ । उद्योग सङ्गठन मोरङद्वारा यहाँ आयोजित 'विराट एक्स्पो-२०२५' को शनिबार उद्घाटन गर्दै उहाँले सरकार आर्थिक, सामाजिक, शैक्षिक तथा औद्योगिक क्षेत्रमा देखिएका समस्या समाधान गर्न गम्भीर रहेको उल्लेख गर्नुभयो ।

मुलुक अप्ठ्यारो अवस्थामा रहेका बेलामा नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रेसको सहकार्यमा सरकार गठन भएको र यो सरकार सबै समस्या समाधान गर्न तीव्र गतिमा काम गरिरहेको उहाँको भनाइ थियो ।

उपप्रधान पौडेलले वर्तमान सरकार गठन भएपछि अर्थतन्त्रमा सुधार देखिएको समेत उल्लेख गर्नुभयो । हाल बैंकमा तरलता पर्याप्त रहेको र ब्याजदर पनि एकल अङ्कमा आएको उल्लेख गर्दै यसबाट उद्योगीहरुले लाभ लिइरहेको बताउनुभयो ।

"मुलुकमा राजनीतिक स्थायित्व हुँदा अर्थतन्त्रमा देखिएका समस्यमा समाधानमा सहज हुन्छ", उहाँले भन्नुभयो, "अहिलेको सरकारका लागि सहज अवस्था छैन, नागरिकका निराशालाई आशामा बदल्ने गरी सरकारले द्रुत गतिमा काम गरिरहेको छ ।" उहाँले 'निराशा चिर्ने र आशा सञ्चार गर्ने' दायित्व सरकारकै भएकाले अध्यादेशमार्फत विभिन्न कानुन संशोधनपछि निजी क्षेत्रपनि उत्साहित भएको बताउनुभयो । त्यस अवसरमा उहाँले सरकार प्रत्येक प्रदेशमा औद्योगिक क्षेत्र निर्माणका लागि काम गरिरहेको समेत जानकारी दिनुभयो । "विराटनगर विमानस्थलको स्तरोन्नति गरी अन्तर्राष्ट्रिय विमानस्थल बनाउने, औद्योगिक ग्राम तथा औद्योगिक प्रदर्शनी केन्द्र निर्माण गर्ने र किमाथाङ्का बाटोको विषयमा सरकारले आवश्यक सहयोग गर्नेछ", उहाँले भन्नुभयो ।

> "अहिलेको सरकारका लागि सहज अवस्था छैन, नागरिकका निराशालाई आशामा बदल्ने गरी सरकारले द्रुत गतिमा काम गरिरहेको छ ।"

त्यस अवसरमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशको आर्थिक विकासका निम्ति विराटनगर विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थल आवश्यक रहेको धारणा राख्नुभयो । विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालालेनिजीक्षेत्रलेइमान्दारीपूर्वक राज्यको काममा सहयोग गरिरहेको उल्लेख गर्दै एक्स्पोले निजी क्षेत्रलाई फाइदा पुग्ने बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन एक्स्पो सहयोगी हुनेमा विश्वास व्यक्त गर्नुभयो । एक्स्पो यही माघ २० गतेसम्म सञ्चालन हुने छ ।रासस

# हमासले थप चार इजरायली बन्धकलाई रिहा गर्ने

**एएफपी**

जेरुसेलम । गाजा युद्धमा युद्धविराम सम्झौता अन्तर्गत हमासले सन् २०२३ अक्टोबर ७ मा बन्धक बनाइएका चार जना इजरायली महिला सैनिकलाई रिहा गर्ने तयारी गरेको छ।

इजरायलले घर फर्कन लागेका बन्धकहरूको नामहरूको सूची प्राप्त गरेको पुष्टि गरेको छ। योजनाअनुसार सबै कुरा भएमा इजरायली नजरबन्दबाट कति प्यालेस्टिनीहरूलाई रिहा गरिनेछ भनेर कुनै पनि पक्षले निर्दिष्ट गरेको छैन।इजरायली बन्धक र बेपत्ता परिवार फोरमका अनुसार रिहा हुनेमा करिना एरिभ, डानिएला गिल्बोआ, नामा लेवी र लिरी अल्बाग रहेका छन्।

कैदमा रहँदा अल्बाग १९ वर्षका भए भने अन्य सबै २० वर्षभन्दा माथिका इजरायली हुन्। यो आदानप्रदान इजरायल र हमासबीच गत आइतबारदेखि लागू भएको युद्धविराम सम्झौताको एक भाग हो, जसको उद्देश्य द्वन्द्वको स्थायी अन्त्यको मार्ग प्रशस्त गर्नु हो। मध्यस्थकर्ता कतार र संयुक्त राज्य अमेरिकाले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सपथ लिनुभन्दा केही दिन अघि सम्झौताको घोषणा गरेका थिए। महिनौंको निरर्थक वार्तापछि यसलाई सुरक्षित गरेको श्रेय राष्ट्रपति ट्रम्पले दाबी गर्दै आउनुभएको छ।

हमासको सशस्त्र शाखा इजेदिन अल-कासम ब्रिगेडका प्रवक्ता अबु ओबेदाले शुक्रबार टेलिग्राममा जारी विज्ञप्तिमा भन्नुभएको छ, "कैदी आदानप्रदान सम्झौताअन्तर्गत कासम ब्रिगेडले भोलि चार जना महिला सैनिकलाई रिहा गर्ने निर्णय गरेको छ।"इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले मध्यस्थकर्तामार्फत् नाम प्राप्त भएको पुष्टि गरेको छ।

प्यालेस्टिनी स्रोतहरूका अनुसार बन्धकको आदान प्रदान ग्रीनविच समयअनुसार बिहान १० बजेभन्दा पहिले नै रिहाई सुरु हुन सक्छ, यद्यपि हमास र इजरायल दुवैले अपेक्षित समयको बारेमा बयान जारी गरेका छैनन्।

इजरायलको जेल सेवाका अनुसार रिहा भएका प्यालेष्टिनीमध्ये केही प्यालेस्टिनी गाजा जानेछन् भने बाँकी वेस्ट बैङ्कमा फर्किनेछन्।इजरायलको इतिहासमै हमासले गरेको सबैभन्दा घातक आक्रमणपछि गाजामा बन्धक बनाइएका परिवारका सदस्यले १५ महिनाको पीडापछि आफ्ना प्रियजनको पुनरागमनको पर्खाइमा छन्।




बन्धक बनाइरोद कोहेनकी आमा विक्की कोहेनले छोरीलाई बन्धक बनाएपछिको पीडा व्यक्त गर्दै भन्नुभयो, "यो सम्झौता अन्तसम्म कार्यान्वयन नहुने चिन्ता र डरले हामी सबैलाई पिरोलिरहेको छ।"

गाजामा एक वर्षभन्दा लामो युद्धका कारण विस्थापित भएका परिवारहरू घर फर्कन चाहन्थे, तर धेरैले आफ्ना घरहरू भएको स्थान भग्नावशेष मात्र भटिएको बताएका छन्। विस्थापित महिला थेक्रा कासेमले एएफपीसँग भन्नुभयो, "हामीले फर्किने बारे सोच्यौं भने पनि विनाशका कारण हामीले पाल टाँग्ने ठाउँ छैन।"

**तीन चरण**

युद्धविराम सम्झौता तीन चरणमा लागू गर्ने सहमति भएको छ। गत आइतबारदेखि सुरु भएको पहिलो ४२ दिनको अवधिमा इजरायली जेलमा रहेका करिब एक हजार ९०० प्यालेस्टिनी कैदीको बदलामा ३३ जना बन्धकलाई फिर्ता गर्ने सम्झौतामा उल्लेख छ।

बन्धक बनाइएका तीन इजरायली एमिली डामारी, रोमी गोनेन र डोरोन स्टेनब्रेचर घर फर्किसकेका छन्।बदलामा अधिकांश महिला र नाबालिकसहित ९० जना प्यालेस्टिनीलाई रिहा गरिएको थियो।

अर्को चरणमा युद्धको थप स्थायी अन्त्यका लागि वार्ता हुनुपर्दछ, जबकि अन्तिम चरणमा गाजाको पुनर्निर्माण र मृत बन्धकहरूको शव वा उनीहरूको अवशेष फिर्ता हुनेछ। सन् २०२३ अक्टोबर ७ मा इजरायलमाथि भएको आक्रमणका क्रममा हमासका लडाकुहरूले २५१ जनालाई बन्धक बनाएका थिए, जसमध्ये ९१ जना गाजामा जीबित अवस्थामा रहेका विश्वास गरिएको छ।

इजरायलको तथ्याङ्कअनुसार उक्त आक्रमणमा परी एक हजार २१० जनाको मृत्यु भएको थियो।इजरायलको जवाफी कारबाहीमा गाजामा कम्तीमा ४७ हजार २८३ जनाको मृत्यु भएको हमासको नियन्त्रण रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ। कतारस्थित हमासको राजनीतिक ब्यूरोका सदस्य बासेम नईमले शुक्रबार एएफपीसँग कुरा गर्दै युद्धका कारण दक्षिणी गाजामा विस्थापित भएका प्यालेस्टिनीहरू शनिबारको रिहाईपछि उत्तरतर्फ फर्कन सक्ने बताउनुभएको छ।

युद्धविराम सुरु भएयता सयौं ट्रक सहायता गाजामा प्रवेश गरिसकेको छ, तर विनाशकारी क्षेत्रभित्र यसको वितरण अझै ठूलो चुनौती बनेको छ।

इजरायलले युद्धविरामको पूर्वसन्ध्यासम्म एउटा ठूलो अभियान चलाएको विशेष गरी उत्तरी क्षेत्रमा इजरायली सेनाको आक्रमणका कारण जनजीवन अस्तव्यस्त भएको छ।

पहिलेका विद्यालयहरूमा बनाइएका अस्थायी आश्रयस्थलहरू, बमबारी गरिएका घरहरू र चिहानहरूमा हजारौं मानिसहरूले जाडोको वर्षा र हावाहुरीबाट बच्नका लागि प्लास्टिकको पालकोसमेत अभाव रहेको सहायताकर्मीहरूले बताएका छन्।

# प्रधानमन्त्री कप क्रिकेटः एपिएफ विजयी

फाप्ला । धनगढीमा जारी प्रधानमन्त्री कप महिला राष्ट्रिय टि-२० क्रिकेट प्रतियोगीताको उपाधि एपिएफ क्लबले जितेको छ। शनिबार सम्पन्न फाइनल खेलमा घरेलु टोली सुदूरपश्चिम प्रदेशमाथि नौ विकेटको जित निकाल्दै एपिएफले उपाधि हात पारेको हो।

योसँगै एपिएफले लगातार दोस्रोपटक उपाधि जितेको हो। उपाधिसँगै एपिएफले रु पाँच लाख पुरस्कार पाएको छभने सुदूरपश्चिम उपविजेता हुँदै रु तीन लाख हात पाऱ्यो। जितका लागि पाएको ६८ रनको विजयी लक्ष्य एपिएफले १२ दशमलव पाँच ओभरमा एक विकेटको क्षतिमा पूरा गऱ्यो। एपिएफका ममता चौधरीले अविजित ४३, कप्तान इन्दु बर्मा नटआउट १८ रन जोडिन्।



यसअघि फाप्ला क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको सुदूरपश्चिम १८ दशमलव एक ओभरमा ६७ रनमा समेटियो। जसमा ममता बोहराले १८ र कप्तान विन्दु रावलले १७ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

बलिङतर्फ एपिएफका कविता जोशीले तीन, कप्तान इन्दु बर्मा र सवनम राईले दुई/दुई विकेट हात पारे। कविता 'प्लेयर अफ द म्याच' चुनिएका छिन्। यसैबीच प्रतियोगिताभर व्यक्तिगत एक सय ७२ रन र पाँच विकेट हात पारेकी एपिएफकी कप्तान बर्मा 'प्लेयर अफ द सिरिज' भएकी हुन्।

एपिएफका लागि दुई सय नौ रन बनाएकी ममता चौधरी वेस्ट ब्याटर र बागमतीका लागि १० विकेट हात पारेकी मनिषा उपाध्याय बेस्ट बलर हुन सफल भइन्। प्लेयर अफ द सिरिजले रु ५० हजार, वेस्ट ब्याटर र वेस्ट बलरलाई रु २५/२५ हजार पुरस्कार पाएका छन्।

यही माघ १ गतेदेखि सुरू भएको प्रतियोगितामा १२ टोलीको सहभागिता थियो। राष्ट्रिय खेलकुद परिषद्को कार्यक्रमअनुसार नेपाल क्रिकेट सङ्घको आयोजना र सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घको व्यवस्थापनमा प्रतियोगिता सञ्चालन भएको हो।

फाइनल खेलपछि आयोजित समारोहमा नेपाल क्रिकेट सङ्घ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्द, उपाध्यक्ष रोशन सिंह, सुदूरपश्चिम खेलकुद परिषद्का सदस्यसचिव दीपकबहादुर सिंह, सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष वासुदेव जोशीलगायत खेलाडीहरूको उपस्थिति थियो।रासस

# युक्रेनको विषयमा वार्ताका लागि रुस तयार





**एएफपी**

मस्को । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनबारे वार्ताका लागि मस्को तयार रहेको बताउनुभएको छ।

नेता पुटिनले भन्नुभयो, "हामीले जहिले पनि यो कुरा भन्दै आएका छौं र म फेरि एकपटक यसमा जोड दिन चाहन्छु, हामी युक्रेनी बिषयमा वार्ताका लागि तयार छौं।"

राष्ट्रपति पुटिनले केही विषयमा विशेष ध्यान दिन आवश्यक रहेको बताउँदै भन्नुभयो, "प्रतिबन्धित भइसकेको अवस्थामा अब वार्ता कसरी सुरु गर्न सकिन्छ ?" वार्ताका अलागि पहिले प्रतिवन्ध खुकलो पार्नु आवश्यक छ। "यदि वार्ता पुनः सुरु भयो भने युक्रेनको वर्तमान कानुनी ढाँचाअन्तर्गत यो अवैध हुनेछ,"

उहाँले भन्नुभयो, "जबसम्म यो आदेश जारी रहन्छ, तबसम्म यी वार्ताहरू सुरु गर्न सकिन्छ कि सकिंदैन वा ती सही तरिकाले पूरा गर्न सकिन्छ भन्ने विश्वास मलाई छैन। त्यसैले वार्ताका लागि वातावरण बनाउन पहिले अर्को चरणको छलफल जरूरी छ।"

उहाँले भन्नुभयो, "युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले यसअघि रूससँगको वार्तालाई निषेध गर्ने आदेश जारी गर्नुभएको थियो। के यो अवस्थामा वार्ता गर्न सम्भव छ।" उहाँले केही प्रारम्भिक छलफल हुन सक्ने भए पनि युक्रेनी पक्षबाट विद्यमान प्रतिबन्धका कारण गम्भीर वार्ता गर्न कठिन हुने उल्लेख गर्नुभयो।

रूसी नेताले जेलेन्स्कीलाई वार्तामा प्रतिबन्ध लगाउने आदेश हटाउन र आफ्ना प्रायोजकहरूको आदेश पालना गर्न कुनै हतार नभएको बताउनुभएको छ। उहाँले किएभलाई आर्थिक सहयोग गर्नेहरूले युक्रेनी नेतालाई वार्ताको वातावरण तयार पार्न दबाब दिनुपर्ने बताउनुभयो।

विश्व आर्थिक मञ्च (डब्लुईएफ) को डाभोसमा बिहीबार आयोजित वार्षिक बैठकलाई सम्बोधन गर्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुस र युक्रेनबीच शान्ति सम्झौताका लागि अमेरिकी प्रयास 'आशाजनक रुपमा अघि बढेको' बताउनुभएको छ।

# अमेरिकामा 'अवैध आप्रवासी' फिर्ता प्रक्रिया जारी

**एएफपी**

ग्वाटेमाला सिटी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अवैध आप्रवासीमाथि कडा कारबाही गर्न अघि बढेसँगै दर्जनौं आप्रवासीलाई लिएर अमेरिकी सेनाका विमानहरू ग्वाटेमाला आइपुगेका छन्।

मध्य अमेरिकी देशको आप्रवासन संस्थानका अनुसार ग्वाटेमालाका २६५ जना तीन वटा उडानबाट स्वदेश फर्किएका हुन्। वासिङ्टनले बिहीबार मेक्सिकोमा चार वटा निर्वासन उडान पनि पठाएको ह्वाइट हाउसका प्रेस सक्रेटरीले एक्समा उल्लेख गर्नुभएको छ।



मेक्सिको सरकारले उडानहरूको आगमन कुनै सम्झौताको पुष्टि गरेको छैन तर, मेक्सिकोको विदेश मन्त्रालयले आफ्ना नागरिकको निर्वासनका विषयमा वासिङ्टनसँग मिलेर काम गर्न तयार रहेको बताउँदै मेक्सिकोले ' मेक्सिकोका नागरिकको आगमनलाई आफ्नो भूमिमा खुला हातले सधैं स्वीकार गर्ने' बताएको छ।

ह्वाइट हाउसले दुई दिनमा एक हजारभन्दा बढी व्यक्तिलाई पक्राउ गरेका, सयौंलाई सैनिक विमानबाट देश निकाला गरिएको र 'इतिहासकै सबैभन्दा ठूलो निर्वासन अभियान चलिरहेको' बताएको छ। बिहीबार ५३८ जना अवैध आप्रवासी 'अपराधी' पक्राउ परेका छन् भने शुक्रबार ५९३ जना पक्राउ परेका छन्।

ट्रम्पका पूर्ववर्ती जो बाइडेनको समयमा निर्वासन उडानहरू नियमित रूपमा सञ्चालन गरिएको थियो। सन् २०२४ मा कुल दुई लाख ७० हजार व्यक्तिलाई निर्वासित गरिएको थियो यो पछिल्लो एक दशकमा उच्च रेकर्ड हो। उक्त अवधिमा उक लाख १३ हजार ४०० व्यक्तिलाई गिरफ्तार गरी अनुसन्धान प्रक्रिया अघि बढाइएको थियो।रासस

# अमेरिकासँग व्यापार युद्ध नहुनेः मेक्सिको

**एएफपी**

मेक्सिको सिटी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मेक्सिकोसँगको व्यापारका विषयमा दिएको टिप्पणीपछि मेक्सिकोकी राष्ट्रपति क्लाउडिया शेनबामले अमेरिकासँग कुनै व्यापार युद्ध नहुने बताउनुभएको छ।

"शेनबामले नियमित पत्रकार सम्मेलनमा भन्नुभयो, "म व्यापार युद्ध देख्दिनँ। अमेरिकी राष्ट्रपतिले हिजो मेक्सिकोको बारेमा फरक तरिकाले बोल्नुभएको छ।"

विश्व आर्थिक मञ्च (डाभोस)मा बिहीबार एक प्रश्नको जवाफ दिँदै ट्रम्पले भन्नुभएको थियो, "हामी मेक्सिकोसँग राम्रो व्यवहार गरिरहेका छौं। हामी न्यायोचित व्यवहार गर्न चाहन्छौं।"

यसअघि, अमेरिकी राष्ट्रपति ट्रम्पले फेब्रुअरी १ देखि मेक्सिकाबाट हुने आयातमा २५ प्रतिशत कर लगाउने चेतावनी दिनुभएको थियो।

शेनबामले वासिङ्टनसँगको सहकार्यलाई मजबुत बनाउन र फेन्टानिलको वितरण र आप्रवासनजस्ता केही प्राथमिकताका विषयमा ट्रम्पसँग मिलेर काम गर्ने इच्छा पनि व्यक्त गर्नुभयो।

ट्रम्पले पदभार ग्रहण गरेदेखि नै सामूहिक निर्वासनमार्फत आप्रवासी विरोधी उपायहरूलाई बलियो बनाउन विभिन्न कार्यकारी आदेशहरूमा हस्ताक्षर गर्नुभएको छ।

यसको जवाफमा, मेक्सिको सरकारले सीमामा आप्रवासी नियन्त्रण केन्द्रहरू स्थापना गर्‍यो र निर्वासितहरूको लागि व्यापक निगरानी राख्न 'मेक्सिकोले अमेरिकी अधिकारीसँग काँधमा काँध मिलाएर अघि बढ्न' कार्यक्रमको घोषणा गरेको छ।

# सुडानको डार्फरस्थित अस्पतालमा ड्रोन आक्रमण, ३० जनाको मृत्यु

**एएफपी**

डार्फर ।सुडानको डार्फर क्षेत्रको अल-फशेरमा रहेको अन्तिम अस्पतालमा ड्रोन आक्रमण हुँदा ३० जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएका छन्।

शुक्रबार साँझ साउदी अस्पतालमा भएको बम विष्फोटले यस क्षेत्रका बिरामीको आकष्मिक उपचार गर्नका लागि उपलब्ध एक मात्र अस्पतालको भवन 'ध्वस्त' पारेको स्रोतले एएफपीलाई बताएको छ।

सुडानमा युद्धरत कुन पक्षले आक्रमण गरेको हो भन्ने तत्काल स्पष्ट हुन सकेको छैन।अप्रिल २०२३ देखि सुडानी सेना अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ)सँग युद्धमा छ। समूहले डार्फरको लगभग सम्पूर्ण विशाल पश्चिमी क्षेत्र कब्जा गरेको छ।

उनीहरूले उत्तरी डार्फरराज्यको राजधानी अल-फाशेरलाई गत मे देखि नै घेराहालेका छन्, तर सेनासमर्थित मिलिसियाले पटक-पटक प्रतिकार गरी उनीहरूलाई पछि धकेलेको थियो र उनीहरूले शहरमा आफ्नो दाबी गर्न सकेका छैनन्।मेडिकल स्रोतका अनुसार सोही भवनमा केही हप्ताअघि आर एसएफको ड्रोनले आक्रमण गरेको थियो।

अल-फाशेरमा स्वास्थ्य सेवामा आक्रमण व्यापक रूपमा भइरहेको छ, जहाँ 'डक्टर्स विदाउट बोर्डर्स'ले यसै महिना साउदी अस्पताल ' शल्य चिकित्सा क्षमता भएको एक मात्र सार्वजनिक अस्पताल भएको' बताएको थियो।सरकारी तथ्याङ्कअनुसार लडाईंका कारण देशभरका ८० प्रतिशतसम्म स्वास्थ्य संस्था सेवाबाट बञ्चित भएका छन्।

# हुथी विद्रोहीद्वारा मानवीय आवश्यकताका आधारमा यमनका १५३ कैदी रिहा

**एएफपी**

साना । यमनका हुथी विद्रोहीले शनिबार १५३ जना 'द्वन्द्वसँग सम्बन्धित' कैदीलाई रिहा गरेको रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसीआरसी)ले जनाएको छ।

सन् २०१४ मा इरान समर्थित हुथी विद्रोहीले कब्जा गरेको यमनको राजधानी सानामा ती कैदीलाई रिहा गरिएको हो।कैदीलाई रिहा गरिएको पुष्टि गर्दै यमनस्थित आईसीआरसीका प्रतिनिधिमण्डल प्रमुख क्रिस्टीन सिपोलाले भन्नुभयो, "यो अभियानले आफ्ना प्रियजनको फिर्तीको व्यग्र प्रतिक्षा गरिरहेका परिवारका लागि अति आवश्यक राहत र आनन्द ल्याएको छ।"

यसैबीच हुथी विद्रोही समितिका प्रमुख अब्दुलकादिर अल मुर्तदाले एक वक्तव्य जारी गर्दै यो पहल मानवीय कारणले एकतर्फी रुपमा गरिएको बताउनुभएको छ। उहाँले भन्नुभयो, "रिहा भएकामध्ये अधिकांश बिरामी, घाइते, वृद्धवृद्धालगायत मानवीय सहयोग आवश्यक व्यक्ति हुन्।"इरान समर्थित हुथी विद्रोहीले विद्रोहीको कब्जामा रहेको क्षेत्रमा कार्यरत संयुक्त राष्ट्रसङ्घका सात जना सैनिकलाई बिहीबार हिरासतमा लिएपछि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले विरोध जनाउनुभएको थियो।



गुटेर्रेसले यमनमा रहेका संयुक्त राष्ट्रसंघका सबै कर्मचारीलाई तत्काल र बिनाशर्त रिहा गर्न माग गर्दै जारी गरेको विज्ञप्तिमा भनिएको छ, "उनीहरूलाई हिरासतमा राखिनु राष्ट्रसङ्घका लागि अस्वीकार्य छ।"

हुथी विद्रोहीले संयुक्त राष्ट्रसङ्घ र अन्य मानवीय संस्थाका दर्जनौं कर्मचारीलाई अमेरिकी-इजरायली जासुसी गिरोहको आरोपमा गत वर्षको मध्यदेखि नै हिरासतमा लिएका छन्।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हुथी विद्रोहीलाई विदेशी आतङ्कवादी सङ्गठनको सूचीमा फर्काउने कार्यकारी आदेशमा हस्ताक्षर गरेपछि पनि शनिबारको रिहाई भएको हो।

हुथी विद्रोहीलाई पुनः सूचीकृत गर्दा यमनमा कार्यरत संयुक्त राष्ट्रसङ्घीय निकाय र अमेरिकी अनुदान प्राप्त गर्ने अन्य गैरसरकारी संस्थाहरूको पुनरावलोकन हुने बुधबार हस्ताक्षर गरिएको आदेशमा उल्लेख छ।एक दशक लामो युद्धले यमनलाई विश्वकै सबैभन्दा खराब मानवीय सङ्कटमा फसाएको छ र एक करोड ८० लाख मानिसलाई सहायता र सुरक्षाको खाँचो रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

गत मे महिनामा हुथी विद्रोहीले ११३ जना कैदीलाई एकतर्फी रुपमा रिहा गरेका थिए। अप्रिल २०२३ मा विद्रोही र यमन सरकारले करिब एक हजार युद्धबन्दीको आदानप्रदान गरेका थिए।

आईसीआरसीले कैदीहरूलाई रिहा गर्नुअघि रिहाईपूर्व अन्तर्वार्ता र स्वास्थ्य परीक्षण गरेको र उनीहरूलाई घर फर्कने व्यवस्था मिलाउन सहयोग गरेको बताएको छ।सन् २०१४ को सेप्टेम्बरमा हुथी विद्रोहीले सानामाथि कब्जा जमाएपछि सन् २०१५ को मार्चमा साउदी अरबको नेतृत्वमा हुथीविरूद्ध हस्तक्षेप भएको थियो र यसले प्रत्यक्ष र अप्रत्यक्षगरी लाखौं मानिसको ज्यान लिइसकेको छ।

सन् २०२२ मा संयुक्त राष्ट्रसङ्घको मध्यस्थतामा भएको युद्धविरामले युद्धमा निकै कमी आएको छ। तर विद्रोहीहरूले गाजा युद्धको समयमा इजरायल र 'रेड सी'को पानीजहाजमा आक्रमण गरी हमासको इजरायलविरोधी आक्रमणलाई सघाएका थिए। बदलामा अमेरिका, इजरायल र बेलायती सेनाले हुथीविरूद्ध आक्रमण गरेका थिए।

# स्थानीय कफी देश तथा विदेशमा प्रवर्द्धन गरिँदै




रामपुर । झोलामा कफी बोकेर गाउँ-गाउँमा बिक्रीका लागि पुग्दा धेरैको हाँसो मजाकको पात्र बने, काम नपाएर कफी बेच्न गाउँ डुले जस्तो व्यवहार मैले भोग्नुपर्‍यो, तैपनि हिम्मत भने आफूमा राखिरहे, कफीको प्रवर्द्धनका लागि गाउँ धाइरहन्थे । अहिले भने परिस्थिति बदलिएको छ, कफी खरिद गर्न घरमै ग्राहक आउनुहुन्छ ।

यो अनुभव युवा प्रेमबहादुर सिंह ठकुरीको हो । उहाँ पाल्पा रामपुर नगरपालिका-५ भम्बक निवासी हुनुहुन्छ । उहाँले कफी व्यवसायमार्फत आफ्नो पहिचान बदल्नुभएको छ । पाँच वर्षअघि उहाँलाई कफी व्यवसायबाट समाजमा चिनिन्छु भन्ने लाग्दैनथ्यो । हाल उहाँको पहिचान प्रेमबहादुर नभई कफी व्यवसायी तथा धेरैका कफी दाइका नामले परिचित हुनुहुन्छु । उहाँलाई जीवनमा सोच्दै नसोचेको पहिचान प्राप्त भएको छ ।

नेपालका गाउँघर, सहर, बजारमा मात्र नभइ विदेशी भूमिमा कफी निर्यात हुन थालेपछि व्यवसायलाई दीर्घकालीन रूपमा टिकाउनुपर्छ र यसमै निरन्तरता दिएर काम गर्नुपर्छ भन्ने अठोट उहाँमा बढेको छ । उहाँले ‘अर्गानिक चिया तथा कफी’ को नामबाट व्यवसाय दर्ता गरी आफ्नै घरमा प्रशोधन मेसिन जडान गरी सञ्चालन गरिरहनुभएको छ ।

हाल प्रेमबहादुरले जापान, कोरिया, जर्मन, युएई, माल्टालगायत देशमा कफी निर्यात गर्दै आउनुभएको छ । उहाँका अनुसार विदेशमा ट्राभल गर्ने साथीको सहायताबाट यहाँको कफी बाहिर पठाउने कार्य भइरहेको छ । काठमाडौँ, पोखरा, बुटवल, तानसेनलगायत बजारमा खपत हुने गरेको छ। यसवर्ष कोरिया, जापान, जर्मन, माल्टा, युएईमा पटक-पटक गरेर करिब एक सय किलो कफी खपत गरेको उहाँले जानकारी दिनुभयो। गतवर्ष सोही परिमाणको हाराहारीमा खपत भएको थियो ।

“घरमा लगाएको कफी उत्पादन भयो, त्यसलाई प्रशोधन गर्न थाले, प्रशोधित कफी अब कहाँ बिक्री गर्ने, यसबारेमा अन्यौलमा थिए, स्थानीयको घरदैलोमा पुग्दा त्यस समयमा धेरैले खिसिट्युरी गर्थे, कहाँ लगेर बिक्री गर्ने, कसैले चिन्दैनथे, दोधारमा परे,” प्रेमबहादुरले आफ्नो अनुभव सुनाउँदै भन्नुभयो, “निरन्तरको अथक मेहिनत र शरीर थाके पनि हिम्मतलाई थाक्न दिइन, जसको घरघरमा हिजो गाउँमा कफी बेच्न पुगे, आज उहाँहरू नै मेरै घरमा खरिद गर्न आउनुहुन्छ ।”

उत्पादित वस्तु राम्रो भयो भने समय ढिला होला तर एक दिन अवश्य बजार पाउँदो रहेछ भन्ने प्रेमबहादुरको अनुभव । ग्राहक तथा व्यापारीलाई बुझाउन सकियो भने विस्तारै व्यापार राम्रो हुने गरेको उहाँले बताउनुभयो । उहाँ आफैँले कफी उत्पादन, खरिद र प्रशोधन गरेर बजारमा पठाउनुहुन्छ । खाद्य तथा गुण नियन्त्रण कार्यालय भैरहवामा ल्याव टेष्ट गरेर प्रमाणित भएपछि बजारीकरण थाल्नुभएको हो । चिया कफी विकास बोर्डले तोकेको मूल्यअनुसार बजारमा बिक्री हुन्छ ।

स्याङ्जाको चापाकोट नगरपालिका-४ लग्दामा करिब आठ वर्षअघि पाँच रोपनीमा जग्गाबाट कफी खेती सुरू गर्नुभएका प्रेमबहादुरले दुई वर्षअघि चापाकोट-७ पटसारमा करिब ३५ रोपनीमा कफी विस्तार गर्नुभएको छ । विसं २०७८ देखि कफी प्रशोधनको व्यवसाय सुरू गर्नुभएका उहाँको व्यवसायमा करिब रू २५ लाख बराबरको लगानी परेको छ । उहाँले विरूवा उत्पादन गर्ने, गाउँघरमा किसानलाई कफी लगाउन प्रेरणा दिने, स्थानीयलाई कफीका बिरूवा उपलब्ध गराउँदै आउनुभएको छ ।

आउँदो असार-साउनमा करिब १६ हजार बिरूवा लगाउने प्रेमबहादुरको तयारी छ । प्रशोधित कफीको तुलनामा बिरूवा बिक्रीबाट राम्रो फाइदा हुने उहाँको अनुभव छ । एक वर्षमा हाल पाँच क्वीन्टल आफ्नै उत्पादन र १३ क्वीन्टल स्थानीयबाट खरिद गरिरहेको उहाँ बताउनुहुन्छ । वार्षिक रूपमा सरदरमा प्रशोधन गरिएको एक टन कफी बजारमा खपत गर्नुहुन्छ ।

प्रेमबहादुरका अनुसार अहिले स्थानीय होटल तथा रेष्टुरेण्टबाट कफीको माग धेरै आइरहेको छ । गाउँघरमा कफी सेवन गर्नुपर्छ भन्ने आदत बसेको छ । एक पटक खरिद तथा सेवन गरेका ग्राहक पुनःपटकपटक आउने गर्छन् ।

प्रेमबहादुर वैदेशिक रोजगारीको क्रममा आठ वर्ष कोरियाको कफी कम्पनीमा काम गर्नुहुन्थ्यो । त्यहाँ कफी उत्पादन, प्रशोधन र बजारीकरणका सीप सिक्नुभयो । गुल्मीमा उत्पादन भएको कफी आफू कार्यरत कम्पनीको सञ्चालकले खरिद गरी हिमालयको गिफ्ट नामले प्रशोधन गरी बजारमा बिक्री गरेको देख्नुभएका उहाँ आफ्नै देशमा गर्न सक्ने सम्भावना देखेर गाउँ फर्केपछि व्यवसायमा लाग्नुभएको हो ।

नेपालमा देशमा उत्पादन भएको कफी विदेशीले महँगो मूल्यमा ब्राण्ड बनाएर बजारमा बिक्री गरिरहेकाले हामीले पनि उत्पादन गर्न सक्छौँ भन्ने विश्वास लागेपछि उहाँले गुल्मीबाट बीउ ल्याएर खेती सुरू गर्नुभएको हो । उहाँ बरमुन अर्मिलो, बरमुन भर्बिलो, गेइसिया जातका कफी खरिद बिक्री गर्नुहुन्छ । स्थानीय उत्पादन भएकाले ग्राहकले धेरै मन पाएका छन् ।

बजारीकरणका लागि रामपुर नगरपालिकाले सहजीकरण गरिदिएको प्रेमबहादुरले बताउनुभयो । युवा जनशक्ति विदेशमा जानुभन्दा आफ्नै गाउँमा बसेर केही व्यवसाय गर्न उहाँको सुझाव छ । देउला (कफीको कच्चापदार्थ) अर्थात् बोक्रा फालेको कफीको माग धेरै आउने गरेको छ । प्रशोधन गर्न थालेपछि गाउँका किसानले उत्पादन गरेका कफी बिक्री गर्न सजिलो भएको छ । नगरपालिकाले तयार पारेको कोसेली घरमा कफी बिक्रीको व्यवस्था मिलाएको नगरप्रमुख रमणबहादुर थापा बताउनुहुन्छ ।

“व्यवसायीलाई हौसला प्रदान गर्दै नगरपालिकाको विभिन्न अनुदान कार्यक्रम, तालिम तथा बजारीकरणमा सहजीकरण गरिरहेका छौँ, नगरपालिकामा बाहिरबाट आउने पाहुनालाई स्थानीय उत्पादन उपहारको रूपमा दिन स्थानीय व्यवसायीबाट खरिद गरिदिने गरेका छौँ, आयआर्जन बढाउन उत्पादनमूलक क्षेत्रमा नगरपालिकाले लगानी गरिरहेको छ”, नगर प्रमुख थापाले भन्नुभयो ।

कफी व्यवसायलाई प्रवर्द्धन गर्दै यसवर्ष रामपुर नगरपालिकाको युवा स्वरोजगार कार्यक्रममार्फत ब्याज अनुदान कार्यक्रमका समावेस गरी रू १० लाख बराबर रकमको ब्याज उपलब्ध गराइने कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेले बताउनुभयो । व्यवसायका लागि रामपुरस्थित विभिन्न बैंक तथा वित्तीय संस्थाबाट लिइएको ऋण रकमवापत व्यवसायीले मासिक रूपमा बुझाउनुपर्ने ब्याज तीन/तीन महिनामा दुई वर्षसम्म खातामा उपलब्ध गराइने उहाँको भनाइ छ ।रासस

# अतिथिलाई सुन्तलाकै माला, सुन्तला नै उपहार




म्याग्दी । म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कमा शुक्रबार सुन्तला महोत्सव भएको छ । महोत्सवमा सुन्तला खेतीसम्बन्धी प्रविधि प्रसार, कृषक र सरोकारवालाबीच साक्षात्कार, सुन्तला प्रर्दशनी, उत्कृष्ट कृषकलाई पुरस्कृत गर्नुका साथै स्थानीय मौलिक पुरख्यौली, भजन र पञ्चेबाजा प्रर्दशनी गरिएको थियो ।

बाँसखर्कको सुन्तला खेतीको सम्भावना उजागर र कृषकका समस्या समाधानका लागि सरोकारवाला निकायको ध्यानाकर्षण गराउने उद्देश्यले जलजला गाउँपालिका र वडा नं १ को कार्यालयले महोत्सव आयोजना गरेको वडा अध्यक्ष जगबहादुर रोकाले बताउनुभयो ।

महोत्सवको अवसरमा अगुवा कृषक जगतबहादुर खत्री, शान्तबहादुर छिन्तेल र हेमकुमार अर्मजा, तेजबहादुर खत्री र नरबहादुर पाइजालाई नगद रु पाँच हजारसहित सम्मान गरिएको थियो । अतिथिलाई सुन्तलाको माला लगाएर स्वागत र सुन्तलानै उपहार दिएर बिदाइ गरिएको थियो । आमा समूहले सुन्तला खेतीसम्बन्धी भजन र गित प्रस्तुत गरेका थिए ।

पाखाभरी लटरम्म फलेका सुन्तला पाकेर पहेलपुर बनेको बाँसखर्कमा भएको सुन्तला महोत्सवले कृषि पर्यटन प्रवर्द्धन र मौलिक लोक संस्कृतिको संरक्षणमा पनि सहयोग पुगेको जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो ।

महोत्सवमा सहभागि हुन आउनुभएका गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री पद्यमा जिसी श्रेष्ठ, उद्योग तथा पर्यटन मन्त्री मित्रलाल वस्याल, राष्ट्रियसभा सदस्य मनरुपा शर्मा, प्रदेश सांसद भक्त कुँवर, रेखा गुरुङ, गण्डकी प्रदेशका प्रमुख सचिव राघुराम बिष्ट र कृषि सचिव वासुदेव रेग्मीसँग सडक, सिँचाइ, खानेपानी र पहिरोको विषयमा कृषक तथा जनप्रतिनिधीले ध्यानाकर्षण गराउनुभयो ।

“सिँचाइको समस्याले सुन्तला खेती विस्तार, पहिरोका कारण सुन्तला फार्मसहित बस्ति जोखिममा परेको र कच्चि सडकबाट बाँसखर्कको सुन्तला ढुवानी गर्दा थिच्चिएर नष्ट हुने समस्याको बारेमा राज्यको माथिल्लो निकायमा रहेका पदाधीकारीलाई प्रत्यक्ष ल्याएर देखाएका छौँ,” गाउँपालिकाका अध्यक्ष आचार्यले भन्नुभयो “विद्युतको समस्याले आठ वर्षअघि निर्माण भएको चिस्यानगृह सञ्चालन गर्न नसकिएको विषयमा पनि महोत्सवमा सहभागि हुन आएका अतिथिको ध्यानाकर्षण गराएका छौँ ।”

बेनीदेखि बाँसखर्क जोड्ने छोटो दुरिको बगरफाँट-बाँसखर्क सडक योजनाको ठेक्का लागेपनि आठ वर्षसम्म काम नभएको र योजना नै हराएको विषयमा अध्यक्ष आचार्यले मुख्यमन्त्रीको ध्यानाकर्षण गराउनुभयो । घरघरमा धारा निर्माण र मिटर जडान भएपनि खानेपानी वितरण हुन नसकेको समस्याका बारेमा जानकारी गराउनुभयो ।

सिँचाइ आयोजनामा नियमित पानी चलाउन म्याग्दीको अन्नपूर्ण गाउँपालिकासँग समन्वय गर्नुपर्ने र बाँसखर्कको सुन्तला बगैँचामा सिँचाइ गर्न पाइपलाइनको ब्यवस्था मिलाउन आग्रह गर्नुभयो ।

मुख्यमन्त्री पाण्डे, मन्त्री र सांसदले बाँसखर्क जोड्ने सडक स्तरोन्नति, सिँचाइ सुविधा, सुन्तला खेती विस्तार र बजारीकरणमा सघाउने प्रतिवद्धता जनाउनुभयो । कृषि र पर्यटन क्षेत्रलाई प्राथमिकता दिएको बताउदै मुख्यमन्त्री पाण्डेले बसाईसराई रोकिने, कृषि उपज उत्पादन वृद्धि र बजारीकरणमा सहयोग पुग्ने गरि सडक, सिँचाइ र खानेपानीका पूर्वाधारका योजना सञ्चालन गरेको बताउनुभयो ।

“सुन्तला ढुवानीका लागि तपाईहरुले ब्यहोर्दै आइरहेको समस्यालाई हामी छिट्टै सम्बोधन गर्नेछौँ,” मुख्यमन्त्री पाण्डेले भन्नुभयो “यस वर्षपनि जलजला गाउँपालिकाको विभिन्न पूर्वाधार योजनाका लागि प्रदेश सरकारले रु ११ करोड बजेट बिनियोजन गरेको छ ।”

कृषिमन्त्री श्रेष्ठले सुन्तला खेती विस्तार र बजार प्रवर्द्धनका लागि बाँसखर्कलगायत जलजला गाउँपालिकामा पहाडी काष्ठफल विकास परियोजना (नाफा) लागू भएको र सो मार्फत कृषकलाई विभिन्न शिर्षकमा अनुदान दिइने बताउनुभयो । पर्यटनमन्त्री बस्यालले बाँसखर्कलाई कृषि पर्यटनको गन्तब्य बनाउन पहल गर्ने प्रतिवद्धता जनाउनुभयो ।

समुन्द्रि सतहदेखि एक हजार एक सयदेखि एक हजार नौ सय मिटर उचाइमा फैलिएको दुई सय ३९ घर रहेको बाँसखर्कको धेरैले सुन्तला खेती गरेका छन् । एक हजार पाँच सय रोपनी क्षेत्रफलमा सुन्तला खेती भएको बाँसखर्कमा यस वर्ष १८ करोड ४४ लाख ४७ हजार मूल्य बराबरको सुन्तला उत्पादन भएको महोत्सवमा अगुवा कृषक मेखबहादुर खत्रीले जानकारी गराउनुभएको थियो ।

उहाँका अनुसार एक जना कृषकले वार्षिक रु चार लाखदेखि ३५ लाख बराबरको सुन्तला बिक्री गर्छन् । बाँसखर्कका कृषिकले अन्यत्रको सुन्तला बिक्री भइसकेपछि माघ महिनादेखि सुन्तला टिप्न थालेका छन् । बाँसखर्कमा खेती हुने सुन्तलालाई रैथाने जात प्रमाणित गरिएको छ ।रासस

## विदेशी मुद्राको विनियमदर :

# अमेरिकी डलरको भाउ घट्यो

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ ।

निर्धारित विनिमयदरअनुसार अमेरिकी डलरको मूल्य शनिबार भने घटेको छ । यस्तै, स्विस फ्र्याङ्क, साउदी अरेबियन रियाल, कतारी रियाल, युएई दिराम, हङकङ डलर, कुवेती दिनार, बहराइन दिनार, ओमनी रियालको भाउ भने घटेको छ । त्यस्तै, केही विदेशी मुद्राको भाउ भने अघिल्लो दिनको तुलनामा स्थिर छ । विनिमयदरअनुसार, युरोपियन युरो, युके पाउन्ड स्ट्रलिङ, अष्ट्रेलियन डलर, क्यानेडियन डलरलगायतको मूल्य बढेको छ ।

राष्ट्र बैङ्कका अनुसार शनिबारका लागि अमेरिकी डलर एकको खरिददर एक सय ३७ रुपैयाँ ६४ पैसा र बिक्रीदर एकसय ३८ रुपैयाँ २४ पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिददर एक सय ४४ रुपैयाँ ३६ पैसा र बिक्रीदर एक सय ४४ रुपैयाँ ९९ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर एक सय ७० रुपैयाँ ९४ पैसा र बिक्रीदर एक सय ७१ रुपैयाँ ६८ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर एक सय ५२ रुपैयाँ ०४ पैसा र बिक्रीदर एक सय ५२ रुपैयाँ ७० पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ९५ पैसा र बिक्रीदर ८७ रुपैयाँ ३३ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ ०४ पैसा र बिक्रीदर ९६ रुपैयाँ ४६ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय ०२ रुपैयाँ १७ पैसा र बिक्रीदर एक सय ०२ रुपैयाँ ६१ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिददर आठ रुपैयाँ ८३ पैसा र बिक्री दर आठ रुपैयाँ ८६ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ र बिक्रीदर १९ रुपैयाँ ०८ पैसा,साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ६९ पैसा र बिक्रीदर ३६ रुपैयाँ ८५ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ७५ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९२ पैसा कायम भएको छ ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ०९ पैसा र बिक्रीदर चार रुपैयाँ ११ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ४७ पैसा र बिक्रीदर ३७ रुपैयाँ ६४ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ४४ पैसा र बिक्रीदर ३१ रुपैयाँ ५८ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ६१ पैसा र बिक्रीदर नौ रुपैयाँ ६५ पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ६१ पैसा र बिक्रीदर १२ रुपैयाँ ६६ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ३५ पैसा र बिक्री दर १९ रुपैयाँ ४३ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ ६७ पैसा र बिक्रीदर १७ रुपैयाँ ७५ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४६ रुपैयाँ ८० पैसा र बिक्रीदर चार सय ४८ रुपैयाँ ७५ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ६५ रुपैयाँ १३ पैसा र बिक्रीदर तीन सय ६६ रुपैयाँ ७२ पैसो ओमनी रियाल एकको खरिददर तीन सय ५७ रुपैयाँ ५९ पैसा र बिक्रीदर तीन सय ५९ रुपैयाँ १५ पैसा तोकिएको छ । यस्तै, भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा निर्धारण भएको छ ।

राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैङ्कको ‘वेबसाइट’मा उपलब्ध हुने जनाइएको छ ।रासस


Madhesh Province Government

Ministry of Industry, Commerce and Tourism

## Tourism Development Office

## Gaur, Rautahat

## Invitation for Electronic Bids

**Date of publication 2025-01-26**

1. The Tourism Development Office, Gaur, Rautahat Excutive Invites electronic bids from eligible bidders for the following works. A complete set of Bidding Documents is available online and can be download from e-GP system: https://bolpatra.gov.np/egp/PPMO’s portals specified in the bidding date sheet.

| S. N. | Contract No. | Description of Work | Exclusive of VAT, PS and Contigencies | Bid Security Amount (NRs.) | Bid Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | TDO/NCB/W/ 23/2081/082 | Ashanwa Ganesh Mandir Pratikchhalya Nirman,Judibelama Chhathi Ghat Nirman, Chandrapur Na.pa-02, Rautahat | 4278409.34 | 125000 | 3000 |
| 2 | TDO/NCB/W/ 24/2081/082 | Adhuro Shree Krishna Mandir DPR anushar Nirman,Chandrapur Na.pa-03, Rautahat | 4279630.47 | 125000 | 3000 |
| 3 | TDO/NCB/W/ 25/2081/082 | Ram Janki mandir, Bindwasani, Sarwlingeshwar,Gupteshwar mandir Mothiyahi Chhath Ghat Straunati ,Chandrapur Na.Pa 06 | 8554931.87 | 250000 | 3000 |
| 4 | TDO/NCB/W/ 26/2081/082 | Sudama Shree Krishna Mandir Nirman, Balara Na.pa-10,Salrahi | 8557311.81 | 250000 | 3000 |
| 5 | TDO/NCB/W/ 27/2081/082 | Samsanghat Ghera Bera Tatha Sawardari Comred Rambalak patel Praweshdoyar Nirman, Paroha na pa 05 Bhediyahi | 4279717.76 | 125000 | 3000 |
| 6 | TDO/NCB/W/ 28/2081/082 | Sagar Nath Mandir ,Ishwarpur Na.pa-,Sarlahi | 4279289.62 | 125000 | 3000 |

2. Date of Pre-Bid meeting. Last Date of Purchasing. Submission and Opening of Bids.

| Contract No. | Bid Validity Period | Bid Security Validity Period | Last date of Purchase of Bids | Last date of Submission of Bids | | Opening of Bids | |
|---|---|---|---|---|---|---|---|
| | | | | Date | Time | Date | Time |
| NCB | 90 Days from Bid Opening | 120 Days from Bid Opening | 26-Feb.-2025 | 26-Feb.-2025 | 12:00 Noon | 26-Feb.-2025 | 13:00 Noon |

| Name of Bank | Name of Office | Office Account No. | |
|---|---|---|---|
| | | For Bid Fee | For Bid Security |
| Rastriye Banijay Bank Ltd. | Pradesh Lekha Ekai Karyalaya, Chandrapur, Rautahat | 1000100200010000 | 1210100202030000 |

3. Bidders should deposit the equivalent fee for bidding document in the respective Revenue Account Number:1000100200010000, Rajashwa (Revenue) Heading No.-14229, Office Code No. 3070020012 in Rastriya Banijya Bank Ltd.
4. Bid must be accompanied by a Bank Guarantee issued by “A” Class Commercial Bank in Nepal drawn in favour of the TDO, Gaur, Rautahat, Madhesh Province Government in the format supplied in the Bid document or the form acceptable to the TDO, Gaur, Rautahat. If the Bidder wishes to submit bid security in the form of cash, the cash should be deposited in. Account KHA.2-3 DHARAUTI A/C (PRA. LE. NI. KA) Pradesh Lekha Ekai Karyalaya, Chandrapur, Rautahat
5. The Employeer reserves the right to accept or reject any bid and to annual the bidding process and reject all Bids any time period to contract, without thereby incurring any liability to Bidders.

**Tourism Development Officer**

# ‘वर्तमान सरकारको विकल्पको कल्पना गर्न सकिँदैन’



टुडे समाचारदाता

जलेश्वर । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले वर्तमान सरकारको विकल्पको कल्पना पनि गर्न नसकिने बताएका छन् ।

महोत्तरीको जलेश्वरमा प्रादेशिक अस्पताल जलेश्वरले आयोजना गरेको एक कार्यक्रममा मन्तव्य राख्दै मन्त्री भण्डारीले भने, “यो सरकार स्थिर मात्रै होइन, यो सरकार यति बलियो छ, यसको विकल्पको कल्पना पनि गर्न सकिन्न ।”

निश्चित जिम्मेवारी लिएर अगाडि बढेको यो सरकारलाई अन्यथा गर्ने वा फेल हुने छुट नभएको बताउँदै मन्त्री भण्डारीले केन्द्रीय सरकार फेल भयो भने त्यसबाट निमित्ने समस्या अकल्पनीय हुने भएकाले यो सरकार फेल नहुने बताए ।

यो सरकार फेल नहुने गरी काम गर्ने प्रतिबद्धता जनाउँदै उनले सरकारले आमजनतालाई परिवर्तनलाई आत्मसाथ गरी महसुस गराउने काम गर्ने दावी गरे ।

देशमा अहिले सरकारलाई बदनाम गराउन विभिन्न भाष्य स्थापना भइरहेको बताउँदै देशमा प्राप्त उपलब्धिलाई उल्टयाउने काम भइरहेकोमा उनले आक्रोश पोखे । प्राप्त उपलब्धिलाई संस्थागत गर्दै, संविधानमा आवश्यक परिमार्जन गर्दै, संविधानलाई सर्वस्वीकार्य बनाउन यो सरकार दत्तचीत्त भएर लागिरहेको बताउँदै मन्त्री भण्डारीले भने, “नेपाली जनताले हासिल गरेको उपलब्धिभन्दा एक इन्च पछाडि हट्दैनौँ । अगाडी बढने हो, अग्रगामी हुने हो ।”

सो कार्यक्रममा प्रादेशिक अस्पताल जलेश्वरका निमित्त कार्यालय प्रमुख डा.विकास कुमार साहले अस्पतालबारे मन्त्री भण्डारीलाई जानकारी गराएका थिए ।

सो कार्यक्रममा सभासद जयनुल राईन, जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनार, मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डल, प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीलगायतकाहरुले बोलेका थिए ।

# ‘संशोधनको नाममा व्यवहारमा संविधानको चीरहरण’

पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले अहिलेको सरकारको तत्काल विकल्प खोज्नुपर्ने बताए । उनले प्रधानमन्त्री केपी शर्मा ओलीको बोली, व्यवहार र काम मुलुकलाई अध्याँरोतर्फ लग्ने खेल भएको टिप्पणी गरे ।




टुडे समाचारदाता

जनकपुरधाम । आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार असफल भएको बताएका छन् ।

पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले अहिलेको सरकारको तत्काल विकल्प खोज्नुपर्ने बताए । उनले प्रधानमन्त्री केपी शर्मा ओलीको बोली, व्यवहार र काम मुलुकलाई अध्याँरोतर्फ लग्ने खेल भएको टिप्पणी गरे ।

चितवनस्थित भरतपुरमा आईटी आर्मीको जिल्ला भेलामा बोल्दै अध्यक्ष साहले सुशासन कायम गर्न र आर्थिक सुधार गर्ने सवालमा सर्वाधिक असफल भएको ओली सरकारको विकल्प खोज्न ढिलाई गर्न नहुने बताए ।

अध्यक्ष साहले भने, ‘संविधान र संसद्ले नचिन्ने राजनीतिक संयन्त्रको आतंक बन्द गर्नुहोस् । दुई तिहाईको दम्भ भ्रष्टाचारी जोगाउने आधारस्तम्भ बनाइएको छ । आवरणमा संविधान संशोधन भनियो, तर व्यवहारमा संविधानको चीरहरण गरियो,’ उनले भने,‘ओली सरकारले अध्यादेश अघि अघि अनि संसदपछि बोलाउँने काम गर्दै राज्यको ढुकुटी लुटने काम गरिरहेको छ । विचौलियाको सेटिङमा बनेको सरकार विचौलियाकै लागि काम गरिरहेकोछ ।’

वर्तमान सरकार नेपाली जनताको लागि ट्युमर पलाएकोजस्तो भएको टिप्पणी गरे । उनले यसको विकल्प नेपाली जनताले खोजिरहेको बताए । अहिलेको सरकार बनेपछि नेपालको विदेश सम्बन्ध पनि धुमिल बनेको उनको आरोप छ । उनले बीआरआई फ्रेमवर्क सम्झौता ऋणको पासो त होईन भन्ने बहस छेडिएको समेत बताए ।

विचौलियाको सेटिङमा बनेको वर्तमान सरकार अप्राकृतिक, अलोकतान्त्रिक र सिद्धान्तविपरित भएको उनले बताए । उनले भने, ‘यो सरकारको जन्म नै अप्राकृतिक, अलोकतान्त्रिक छ । विश्वभरि यतिवेला प्राकृतिक हावा चलेको छ । नेपालमा मात्रै अप्राकृतिक हावा बहन कसरी सम्भव छ ? सरकारको जन्म नै विचौलियाको घरमा भएपछि यसले ती अभिजात विचौलिया र भ्रष्टहरुको सेवा गर्छ भन्नेमा हामी जानकार थियौं । तर, यो देशका सचेत नागरिकले अबपनि देशको अवस्था अनि कांग्रेस र एमालेको लुट हेरेरमात्रै बस्ने हो त ? कि सचेत विद्रोहको लागि तयार हुने हो, म यही मञ्चबाट प्रश्न गर्न चाहन्छु ?’

अध्यक्ष साहले भने, ‘यिनीहरु अहिले कहिल्यै नभएको विकास एक महिनामा गर्ने भनेर अध्यादेशको धमाश अनि शासनको धक्कु लगाउन थालेका छन् । यी पात्रसँग जोडिएका विज्ञहरुको अनुहार हेर्न जरुरी छ ।’ उनले जननिर्वाचित थलो संसद्लाई छलेर साँढे बनेर चल्ने दुस्साहस नगर्न पनि उनले सत्ता गठबन्धनका नेताहरुलाई चेतावनी दिए ।

अध्यक्ष साहले भने, ‘खुलमखुला बालुवाटारमा भूमाफियाहरुले भूमिसम्बन्धी अध्यादेशको स्वागत गरेका छन् । देशमा रोजगारी सिर्जना गर्न कुनै योगदान नदिने उल्टै नेपाली जनतालाई लुटेर पैसा रातारात विदेश पुर्याउनेहरुले नै अध्यादेश शासनको धुँवादार वकालत गरेका छन् । कांग्रेस र एमालेको अन्तिम लुटको भोजन खानेहरुलाई मुख मिठो भएको होला । तर, गरिखाने जनतालाई अहिलेको शासन र सत्ता नमिठो लाग्न थालिसकेको छ ।’

# पुस्तक बेचेरै बन्द कारखाना चलाउन ९ करोड संकलन



टुडे समाचारदाता

राजविराज । लामो समयदेखि बन्द रहेको वीरगञ्ज कृषि औजार कारखाना पुनःसंचालनमा ल्याउने अठोटका साथ खर्च जुटाउन किताब बेच्दै हिडेका वैज्ञानिक डा. महावीर पुन शनिबार सप्तरीको राजविराजमा छन् ।

लगातारको शीतलहरको प्रवाह नगरी टाउँकोमा किताबको बण्डल राखेर म्याकिङ गर्दै निस्केका उनी शनिबार दिनभर राजविराज नगरमा पुस्तक बेच्न व्यस्त देखिएका छन् । आफैले लेखेर प्रकाशन गरेको आफ्नै आत्मकथा “सम्झना, सपना र अबिरल यात्रा” नामक पुस्तक लिएर बेच्न निस्केका उनले एकैदिनमा ४३ थान पुस्तक बेच्न सफल भएका छन् ।

त्यसबाट प्राप्त भएको रकम वीरगञ्जस्थित कृषि औजार कारखानाका लागि बैंकमा खोलिएको खातामा आइतबार बैंक खुलेपछि जम्मा गर्ने उनले बताएका छन् ।

कृषि प्रधान मुलुकमा किसानका लागि चाहिने कृषि उपकरण उत्पादन गर्ने वीगञ्जस्थित कृषि औजार कारखाना विगत ३० वर्षदेखि बन्द अवस्थामा रहेकाले त्यसको पुनः संचालनका लागि अभियान स्वरुप किताब बेच्न निस्केको उनले बताएका छन् ।

सो अभियान पैसा कमाउनका लागि नभइ विशुद्ध रुपमा किसानहरुको सेवाका लागि भएको उनले स्पष्ट पारेका छन् ।

बिदाको दिन परे पनि ठण्डिको प्रवाह नगरी नगरका चोकचोक र गल्ली गल्ली चहारेर पुस्तक बिक्रीमा सक्रिय रहेका उनलाई स्थानीयले समेत साथ दिए ।

विगत ३ सय ७ दिनदेखि पुस्तक बिक्रीका लागि मेची महाकाली अभियानमा निस्केका उनले अहिलेसम्म १ लाख ५५ हजार ५ थान पुस्तक बेचेर करिब ९ करोड रुपैयाँ संकलन गरिसकेका छन् । जसबाट जीर्ण अवस्थामा रहेको वीरगञ्ज कृषि औजार कारखानाको मर्मत सम्भार तथा स-साना किसानको खेती प्रयोजनका लागि प्रयोग गरिने १५ किसिमका औजार बनाएर परिक्षण समेत गरिसकिएको डा. पुनले बताए ।

सरकारी स्वामित्वमा रहेको उक्त कारखानाको बेहाल देखेर आफूले यसलाई पुनर्जीवन दिने अठोटका साथ सो अभियान चलाएको उनले बताए ।

# जसपामा पनि मधेश मुद्दामाथि छलफल

टुडे समाचारदाता

वीरगञ्ज । सत्तारुढ गठबन्धन दल जनता समाजवादी पार्टी (जसपा) को केन्द्रीय समिति बैठक सुरु भएको छ ।

वीरगञ्जमा शनिबार पुजन होटलमा केन्द्रीय अध्यक्ष अशोककुमार राईको अध्यक्षतामा केन्द्रीय समितिको बैठक शुरु भएको सो पार्टीका उप-महासचिव एवम् संघीय खानेपानी मन्त्री प्रदीप यादवले जानकारी दिए ।




उनले भने, ‘हाम्रो पार्टीको केन्द्रीय समितिको बैठक प्रारम्भ भएको छ । बैठकमा विभिन्न राजनीतिक, संगठनात्मक तथा समसामयिक विषयहरूमा गहन छलफल गर्नुका साथै, पार्टीको भावी रणनीति र मधेशका मुद्दासम्बन्धी विषयमा विशेष ध्यान दिइनेछ ।’

सो बैठकमा केन्द्रीय अध्यक्ष अशोककुमार राई, संघीय परिषद् अध्यक्ष राजेन्द्र श्रेष्ठ, सह अध्यक्ष रेणुकुमारी यादव, उपाध्यक्ष तथा माननीय मन्त्री नवलकिशोर साह सुडी, खानेपानीमन्त्री प्रदीप यादव, उपाध्यक्ष सुशिला श्रेष्ठ, उपाध्यक्ष रन्ध्वजकन्दनवा लिम्बु, महासचिव मोहम्मद इश्तियाक राई, सचिव वीरेन्द्र महतो, कोषाध्यक्ष रञ्जु झाको सहभागिता रहेको छ ।

सो बैठक शनिबार र आइतबार गरी दुई दिनसम्म चल्ने जनता समाजवादी पार्टी (जसपा) ले जनाएको छ ।

# शहीद कप क्रिकेट कायम राख्न माग गर्दै मुख्यमन्त्रीलाई ज्ञापन



टुडे समाचारदाता

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहलाई शहीद कप क्रिकेट कमिटीले ज्ञापनपत्र बुझाउँदै शहीद कप क्रिकेट प्रतियोगिताको शिर्षक परिवर्तन नगर्न आग्रह गरेको छ ।

यसै आर्थिक वर्षमा प्रतियोगिता सञ्चालनका लागि बजेट विनियोजनको माग गर्दै राजनीतिक पूर्वाग्रहका कारण शिर्षक परिवर्तन गरिएको ठहर गरेको छ ।

सो ज्ञापनपत्रमा खेलकुद क्षेत्रमा गौरवको रुपमा स्थापित भइसकेको शहीद कप क्रिकेट प्रतियोगिताको नाम परिवर्तन गर्दा खेलप्रेमीमाथि आघात पुगेको र शहीदहरुको सम्मानमा आँच पुगेको उल्लेख गरिएको छ ।

मधेश आन्दोलनका शहीदहरुको सम्झनामा २०७२ सालबाट सुरु भएको क्लबस्तरीय सो प्रतियोगिता इण्डो-नेपाल प्रतियोगिता हुँदै चौथो संस्करणमा शहीद कप अन्तरप्रदेश क्रिकेट प्रतियोगिताको रुपमा आयोजना भएको थियो । यो प्रतियोगिताको स्वामित्व मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयले लिएको थियो ।

प्रदेश सरकारले सो प्रतियोगितालाई आगामी दिनमा भव्य रुपमा आयोजना गर्ने प्रतिवद्धता विभिन्न मञ्चमा व्यक्त गरिसकेको अवस्थामा अन्तिम समयमा शिर्षक परिवर्तन गर्ने निर्णयलाई कमिटीले अस्वीकार्य भनेको छ । सो प्रतियोगिता सञ्चालन हुन नसके चरणबद्ध आन्दोलनको कार्यक्रम ल्याउन बाध्य हुने चेतावनीसमेत उनीहरुले दिएका छन् ।

शहीद कप क्रिकेट प्रतियोगिताको शिर्षक परिवर्तनबाट सिंगो समुदाय आक्रोशित भएको र त्यसको समाधानका लागि मधेश प्रदेश सरकारलाई पहल गर्न दबाब दिएको छ ।

# चन्द्रपुर र गुजरा जोड्ने लमाहा खोलाको पुल निर्माण अधुरै

टुडे समाचारदाता

रौतहट । रौतहटको चन्द्रपुर र गुजरा नगरपालिका जोड्ने लमाहा खोलाको पक्की पुल एक दशक बित्न लाग्दा पनि अझै पनि निर्माणाधिन अधुरो अवस्थामा छ ।

ठेकदारको लापरवाही र ठेक्का प्रदायक संस्थाको उदासिनताको कारणका सो पुल अहिलेसम्म बन्न नसकेपछि सर्वसाधारणलाई निकै सास्ती भोग्नु परेका छन् ।

डिभिजन सडक कार्यालय चन्द्रनिगाहपुरले पप्पु-शिवशङ्कर जेभी गरुडा, रौतहटलाइ ठेक्का लगाएको लमाहा खोलाको सो पुलको निर्माणमा ठेक्का प्रदायक संस्थाले बेलाबेलामा निरीक्षण, अनुगमन र नियन्त्रण नगरेपछि ठेकदारको लापरवाहीले पुल अलपत्र परेको छ ।

डिभिजन सडक कार्यालय चन्द्रनिगाहपुरले पप्पु-शिवशंकर जेभी गरुडा, रौतहटलाई ठेक्का लगाएको लमाहा खोलाको उक्त पुलको निर्माण सम्पन्न गर्न पाँच पटक म्याद थप्दा पनि निर्माण सम्पन्न हुन सकेको छैन ।

‘प्रिस्ट्रेस्ड आरसिसी’ ढलानयुक्त एक सय २५ मिटर लामो उक्त पुलको निर्माण सम्झौता २०७३ साल जेठ २ गते भएको थियो । २०७५ साल असोज १५ गते भित्र निर्माण सम्पन्न गर्नु पर्ने उक्त पुल ठेकदारको लापरवाही र डिभिजन सडक कार्यालयको उदासिनताको कारण अलपत्र छोडेको स्थानीयवासीको गुनासो छ ।



गुजरा नगरपालिका कोठियारटोलका समाजसेवी युवा राजकुमार कटुवाल भन्छन्, “पुल बन्ने आसमा करिब दस वर्ष बित्यो । अब त आस पनि मरिसक्यो । पुल निर्माण गर्न आवश्यक निर्माण सामग्री व्यवस्थापन गर्न र विद्युतीय काम गर्न विद्युतशक्ति समेत प्रदान गरियो तर हालसम्म न पुल बन्यो न विद्युतको महसुल नै प्राप्त भयो । निर्माण सामग्री रेखदेख गरेबापत दिने भनिएको तीन वर्षदेखिको ज्याला समेत नदिई ठेकदार बेपत्ता भएको छ ।”

पुल निर्माणको जिम्मा पाएको निर्माण कम्पनीले गरेको कामको बेलाबेलामा सडक डिभिजनले अनुगमन तथा निरीक्षण नगरेपछि ठेकदारको मनोमानीले समयमा पुल निर्माण सम्पन्न हुन नसकेको स्थानीय सञ्चारकर्मी रामप्रकाश चौधरी बताए । उनका अनुसार ठेकदारको लापरवाही र ठेक्का प्रदायक संस्थाको उदासिनताको कारण पुल अधुरो रहेको नगरवासीको गुनासो छ ।

पुल निर्माण कार्य पुरा गर्न कार्यालयले निर्माण कम्पनीलाई पाँच पटक म्याद थप गरेको जानकारी दिँदै डिभिजन सडक कार्यालयका सूचना अधिकारी शिवनारायण साह भन्छन्, “सो पुल निर्माणको जिम्मा पाएको कम्पनीले एकै समयमा छ ओटा पुल निर्माणको ठेक्का पाएको थियो, जसको कारण कार्यभार बढेर लमाहा पुल समयमा सम्पन्न हुन सकेको छैन । सो पुलको मूल्य अभिवृद्धि करसहित नौ करोड २२ लाख ७७ हजार ५५९ रुपैयाँमा ठेक्का लिएको छ ।

कार्यालयले निर्माण कम्पनीलाई पाँच करोड ४५ लाख ४५ हजार ८२८ रुपियाँ भुक्तानी गरिसकेको छ । अधुरो पुलको कारण स्थानीयले घुमाउरो बाटो प्रयोग गर्नु परेको कारण निकै सास्ती भोगिरहेका छन् ।”

पुल समयमा नबन्दा खेतबारीमा काम गर्न जानआउन र उत्पादित खाद्यान्न तथा तरकारी ढुवानी गर्न समस्या भोगेका गुजरा नगरपालिकाको रङ्गपुर र कोठियारका किसानले पुल निर्माण कार्य शीघ्र सम्पन्न गर्न माग राख्दै ठेकदारले निर्माण कार्य सुरु नगरेमा कारबाही प्रकृया अघि बढाई वैकल्पिक बाटो खोज्न कार्यालयलाई आग्रह गरेका छन् ।

**सबैलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं**

- शिक्षा प्रत्येक बालबालिकाको अधिकार हो यसलाई सुनिश्चित गरौं,
- सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं,
- प्रौढ शिक्षा, अनौपचारिक शिक्षा मार्फत सबैलाई साक्षर बनाऔं,
- शिक्षामा आधुनिक प्रविधिको प्रयोग गरौं,
- शिक्षामा लैङ्गिक समानता सुनिश्चित गरौं,
- प्राविधिक र व्यवसायिक शिक्षालाई जोड दिऔं,
- शिक्षामा सबैको सहभागिता सुनिश्चित गरी सभ्य समाजको निर्माण गरौं,
- साक्षरता कार्यक्रम सञ्चालन गरौं, साक्षर नेपाल निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८